# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

४६

पूर्णाङ्क

संशोधन- मण्डल

का. मे. अ. द. नं. १५५/२४६

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।
—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

१२ वर्ष

२ अङ्क

( इतिहास-प्रधान त्रैमासिक पत्रिका )

सम्पादक—
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक—
देवीप्रसाद भण्डारी
(संशोधन-मण्डलद्वारा)

सहयोगी—
रामजी तेवारी

यस अङ्कको मूल्य रु. ८।

# विषयसूची


| | | | |
|---|---|---|---|
| | | | पृष्ठ |
| १. | गणितकौमुदीको एक सूत्रको बल्लबल्ल बुझेको व्याख्या | –नयराज पन्त | २५–३६ |
| २. | पाल्पाली राजा मुकुन्द सेनले नेपाल-खाल्डोमा गरेको हमलाको विषयमा विभिन्न ऐतिहासिकहरूको विचार | –महेशराज पन्त<br>दिनेशराज पन्त | १९–५२ |

| | | |
|---|---|---|
| ६. | बाबुराम आचार्य | १६–२२ |
| ७. | रघुनाथसिंह | २२ |
| ८. | रामजी उपाध्याय | २२–२५ |
| ९. | बालचन्द्र शर्मा | २५ |
| १०. | डिल्लीरमण रेग्मी (वि. सं. २००६) | २५–२६ |
| ११. | प्रेमबहादुर लिम्बू र भूपेन्द्रनाथ ढुङ्गेल | २७ |
| १२. | काशीप्रसाद श्रीवास्तव | २७–२८ |
| १३. | फ्रान्सिस टुकर | २९–३२ |
| १४. | लूच्यानो पेतेक | ३२–३६ |
| १५. | ढुण्डिराज भण्डारी | ३७ |
| १६. | पारसमणि प्रधान | ३७–३८ |
| १७. | डिल्लीरमण रेग्मी (वि. सं. २०१८, २०३२) | ३८ |
| १८. | लीलाभक्त मुनंकर्मी | ३८–३९ |
| १९. | आर. जी. लिओनार्ड | ३९–४२ |
| २०. | जोन टी. हिच्कक | ४२ |
| २१. | डिल्लीरमण रेग्मी (वि. सं २०२३) | ४२–४६ |
| २२. | देवीप्रसाद लंसाल | ४६–४७ |
| २३. | विक्रमजित् हसरत | ४७–५० |
| २४. | अयोध्याप्रसाद प्रधान | ५०–५१ |
| २५. | गौतमवज्र वज्राचार्य | ५१–५२ |

एघाह्रौं वर्षको आयव्ययको विवरण ५३–५४

# गणितकौमुदीको एक सूत्रको बल्लबल्ल बुझेको व्याख्या

—नयराज पन्त

मेरा मातामह पं. भुवननाथ पाँडे (वि. सं. १९२०–२०००) को लालनपालन तथा शिक्षामा म हुर्केको हुँ। यो कुरो मैले धेरै ठाउँमा लेखेको छु। मेरा मातामहका प्रपितामह दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि. सं. १८१५–१८८८) अत्यन्त विद्याव्यसनी पुरुष थिए। यो कुरो पनि मैले धेरै ठाउँमा लेखेको छु। ६० वर्ष पुगेपछि वि. सं. १८७५ मा लक्ष्मीपति काशी गए। १३ वर्ष काशीवास गरी ७३ वर्षका लक्ष्मीपतिले वि. सं. १८८८ मा काशीमा देहत्याग गरे। लक्ष्मीपतिले काशीमा बस्ता पनि आफ्नो स्वभावअनुसार गणित तथा ज्योतिषविषयका पुस्तकहरू खोजी खोजी आफैँले सारी वा अरूद्वारा सार्न लाई सङ्ग्रह गरे।

लक्ष्मीपतिले काशीमा बस्ता आफैँले सारी सङ्ग्रह गरेका पुस्तकहरूमध्ये गणितकौमुदी पनि पर्छ।

१५ अङ्गुल लम्बा ६ अङ्गुल चौडा मधिसे कागतका जम्मा ७६ पत्रमा दुवैतिर राम्रा अक्षरले लेखी सम्पूर्ण गणितकौमुदी लक्ष्मीपतिले सारेका छन्।

पहिलो तथा पछिल्लो पत्रको एकातिरको पृष्ठमा

गणितकौमुदीयम्

यस्तो वाक्य मात्र लेखिएको छ।

गणितकौमुदीमा जम्मा ३ भाग छन्। पहिलो भागमा २० पत्र छन्, दोस्रो भागमा २१ पत्र छन्, तेस्रो भागमा ३५ पत्र छन्। यसरी गणितकौमुदीमा (२०+२१+३५=७६) जम्मा ७६ पत्र छन्।

तेस्रो भागको समाप्तिमा (३४,३५ पत्रमा) ग्रन्थकारले आफ्नो परिचय तल लेखेबमोजिम दिएका छन्–

आसीत् सौजन्यदुग्धाम्बुधिरवनिसुरश्रेणिमुख्यो जगत्यां

प्रख्यः श्रीकण्ठपादद्वयनिहितमनाः शारदाया निवासः।

तिथ्यर्द्धे वणिजीमां[1] मनोहरामलीलिखद् धीरः २॥
श्रीमन्नारायणसरस्वतीयं लीलानाथाय यच्छतु सिद्धिं

[ शाके १७४३ ( वि. सं. १८७८ ) नन्दन संवत्सर फाल्गुनशुक्ल एकादशी आइतवार पुनर्वसु नक्षत्र शोभन योग वणिक् करण तथा बृहस्पति मेष राशिमा भएको वेलामा पण्डित ( लक्ष्मीपति)-ले राम्रो यो गणितकौमुदी छिटोछिटोसँग सारिसिद्धयाए।

नारायणको यस ग्रन्थले लीलानाथ ( लक्ष्मीपतिका पढेगुनेका छोरा ) लाई सिद्धि देओस्। ]

यस दिनको पञ्चाङ्ग तल दिएबमोजिमको छ-

शाके १७४३ ( वि. सं. १८७८ ) नन्दनसंवत्सर फाल्गुनशुक्ल मेष राशिमा बृहस्पति

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | योग | घडी | पला | करण | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| फाल्गुन | २२ | आदित्य | एकादशी | ५२। | ४१ | पुनर्वसु | ५०। | ४२ | सौभाग्य | ४३। | ३५ | वणिक् | २४। | ७ |

( पात्रोबाट )

शाके, प्रभवादि संवत्सर, महीना, पक्ष, तिथि, वार, नक्षत्र, करण तथा बृहस्पति बसेको राशि यी नवटै कुरा लक्ष्मीपतिले लेखे जस्तै पात्रोमा पाइए, योगमा भने अघिल्लो योग सौभाग्य भन्नुपर्नेमा भ्रमवश त्यसभन्दा लगत्तै पछिको शोभन योग भनी लक्ष्मीपतिले लेखेको देखिन्छ।

लक्ष्मीपतिले सारेको यो गणितकौमुदी अहिले मेरो जिम्मामा छ।

काशीमा गणितकौमुदीका धनीसँग लक्ष्मीपतिले सो पुस्तक हेर्न माग्दा उनले थोरै समयको म्याद दिई त्यति समयभित्र आफ्नो सो पुस्तक फिर्ता बुझ्ने शर्तमा सो पुस्तक लक्ष्मीपतिलाई दिए, त्यति समयमा सो पुस्तक एक जनाले मात्र सार्नु संभव थिएन, धेरैजना भई रातदिन गरी छिटोछिटोसँग सारी धनीलाई लक्ष्मीपतिले सो पुस्तक फिर्ता दिए, पछिबाट लक्ष्मीपतिले आफ्नो लागि आफैँले सो पुस्तक सारेका हुन् भन्ने कुरा मेरा मातामहले परम्पराबाट सुन्नुभएको थियो। वि. सं. १८७८ चैत्र १० गते दोस्रो भाग सारिसकिएको र तेस्रो भागचाहिँ फाल्गुन २२ गते सारिसकिएको देखिनाले र छिटोछिटोसँग सारेँ भनी लेखिएकोले पनि यो अनुश्रुति सत्य देखिन्छ।

मेरा मातामहमा लक्ष्मीपतिमा जस्तो विद्या त थिएन, तर लक्ष्मीपतिमा श्रद्धा, लक्ष्मीपतिका पुस्तक पात्रामा ममता तथा केही विद्याव्यसन पनि थियो। गणितकौमुदी उहाँ बराबर हेरिरहनुहुन्थ्यो, आफूले अभ्यास गर्न पनि उहाँले गणितकौमुदीको केही भाग सार्नुभएको थियो,

१. मूलमा वणिजीयं

उहाँले सार्नुभएका ती कागत सुरक्षित छन् । गणितकौमुदीको केही भाग उहाँलाई कण्ठस्थ थियो । गणितकौमुदीको जम्मै भागको अर्थ लागोस् भन्ने उहाँको इच्छा थियो, तर त्यो सफल हुन सकेको थिएन ।

गणितकौमुदीको परिचय तथा गणितकौमुदी पढ्ने प्रेरणा मैले मातामहबाटै पाएको हुँ ।

गणितकौमुदीको जम्मै भागको अर्थ अहिलेसम्म मलाई लागेको छैन । यस विषयमा यथाशक्ति म उद्योग गरीरहन्छु । अहिलेभन्दा ४० वर्ष जतिअगाडि गणितकौमुदी पढ्दै जाँदा

सत्यानृते सूत्रं ।।
सैकेष्टगुणाः पुरुषा द्विगुणेष्टोना भवंत्यसत्यानि ।
तैरूना पुरुषकृतिः शेषं सत्यानि वचनानि ।।
उदा ०।।
कामुकाः पंच पण्यस्त्रियस्तेषु च द्वौ प्रियावप्रियास्तत्त्रयास्तान् पृथक् ।।
त्वं प्रियोसीति मे भाषमाणाद्भुतं । कानि सत्यान्यसत्यानि शीघ्रं वद ।।
न्यासः पुरुषाः ५ प्रियौ २ अप्रियाः ३ जातान्यसत्यानि ८ सत्यवचनानि १७ वा ११।१४।। ।।

( गणितकौमुदी पहिलो भाग १७ पत्र )

यहाँको कुरो मैले बुझिनँ । अनेक उत्तर कसरी आए भन्ने शङ्का मलाई लाग्यो । मातामह- सँग मैले यो कुरो सोधेँ । उहाँलाई यो भाग कण्ठस्थ थियो, तर शङ्काको समाधान भएन ।

श्रीगुरु पद्माकर द्विवेदीले [२] काशी सरस्वतीभवनबाट गणितकौमुदी प्रकाश गराउनुभएको छ। अरू ठाउँमा उहाँले उपपत्ति दिनुभएको छ, तर यहाँ केही लेख्नुभएको छैन । सो प्रकाशित गणित- कौमुदीको पहिलो भागका १०४ –१०५ पृष्ठमा तल लेखिएबमोजिम छापिएको छ–

सत्यानृते सूत्रम् ।
सैकेष्टगुणाः पुरुषा द्विगुणेष्टोना भवन्त्यसत्यानि ।
तैरूना पुरुषकृतिः शेषं सत्यानि वचनानि ।।

---

२. मेरा मातामहकहाँ रहेको गणितकौमुदीको प्रतिलिपि काशी पुगेको वर्णन वि. सं. २०१६ मा जगदम्बाप्रकाशनबाट प्रकाशित धनवज्र वज्राचार्य, रामजी तेवारी ,देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलले सम्पादन गरेको इतिहास – संशोधनको प्रमाणप्रमेयको मेरो उपोद्घातमा म गोबरगणेश बनेछु ( २४–३३ पृ. ) भन्ने प्रकरणमा मैले लेखेको छु ।

**उदाहरणम् ।**

**कामुकाः पञ्च पण्यस्त्रियस्तेषु च द्वौ प्रियावप्रियास्तत्त्रयस्तान् पृथक् ।**
**त्वं प्रियोऽसीति मे भाषमाणाऽद्भुतं कानि सत्यान्यसत्यानि शीघ्रं वद ।।**

**न्यासः । पुरुषाः ५ । प्रियौ २ । अप्रियाः ३ । एकेनेष्टेन जातान्यसत्यानि ८ सत्यवचनानि १७ । द्विकेनेष्टेनासत्यानि ११, एवमिष्टवशादनेकधा ।**

लक्ष्मीपतिको लेखोटमा भन्दा यहाँ इष्टको हिसाबले अनेक उत्तर आउँछन् भन्ने बढ्ता कुरो परेको छ । यो झन् अपठ्यारो कुरो भयो । काल बित्तै गयो । मेरा मातामहको स्वर्गबास भएको पनि पूरा ३६ वर्ष भइसक्यो । विचार गर्दा गर्दा गणितकौमुदीको माथि चर्चित भागको अर्थ अहिले मलाई लागे जस्तो लाग्यो । सो अब सुनाउँछु ।

**कामुकाः पञ्च ५ पण्यस्त्रियास्तेषु च द्वौ २ प्रियावप्रियास्ते त्रय३स्तान् पृथक् ।**
**त्वं प्रियोऽसीति मे भाषमाणाऽद्भूतं कानि सत्यान्यसत्यानि शीघ्रं वद ।।**

(गणितकौमुदीको माथि उद्धृत प्रश्न)

[एउटी फुँडीका पाँचवटा नाठा छन् । ती नाठाहरूलाई हामी पाँच जना छौँ भन्ने कुरो थाहा छ । त्यस फुँडीलाई प[illegible] नाठाहरूले मेरो यो रहस्य थाहा पाएका छन् भन्ने कुरो थाहा छ । ती पाँच जना नाठाहरूमध्ये दुइ जना त्यस फुँडीलाई मन परेका छन्, तीन जना मन परेका छैनन् । यो कुरो ती नाठाहरूले थाहा पाएका छैनन् । यही रहस्यलाई लुकाएर त्यो फुँडी जुन नाठासँग बस्ता पनि हजुर मेरा प्यारा हुनुहुन्छ, अरू चार जना मेरा प्यारा छैनन् भनी भन्छे भने त्यो फुँडी कति साँचो कति झूटो बोल्छे बताऊ ।]

यस प्रश्नको उत्तर ल्याउन अब विचार गरिन्छ ।

१

ती पाँच नाठाहरूमध्ये पहिलो नाठो मात्र त्यस फुँडीलाई मन पर्ने भएको अवस्थामा
पहिलो नाठोसँग बोल्दा

| | |
|---|---|
| हजुर प्यारो हुनुहुन्छ | साँचो |
| दोस्रो प्यारो छैन | साँचो |
| तेस्रो प्यारो छैन | साँचो |

चौथो प्यारो छैन साँचो
पाँचौ प्यारो छैन साँचो
यसरी पहिलो नाठोसँग बोलेका जम्मै अर्थात् पाँचवटै कुरा साँचा भए।
दोस्रो नाठोसँग बोल्दा
हजुर प्यारो हुनुहुन्छ झूटो
पहिलो प्यारो छैन झूटो
तेस्रो प्यारो छैन साँचो
चौथो प्यारो छैन साँचो
पाँचौँ प्यारो छैन साँचो
यस कारण दोस्रोसँग बोल्दा साँचा वाक्य ३
यसै गरी तेस्रोसँग बोल्दा पनि साँचा वाक्य ३
चौथोसँग बोल्दा पनि साँचा वाक्य ३
पाँचौँसँग बोल्दा पनि साँचा वाक्य ३
यस कारण
जम्मा साँचा वाक्य = ५+३+३+३ +३= १७
पाँचै जनासा प्रत्येकसँग पाँच पाँच वाक्य बोल्नुपर्ने भएकोले
जम्मा बोल्नुपर्ने वाक्य = ५×५= (५)$^{२}$ = २५
झूटा वाक्य = जम्मा बोल्नुपर्ने वाक्य–साँचा वाक्य = २५-१७=८
यस कारण पहिलो एक जना मात्र प्यारो भएमा
झूटा वाक्य = ८
साँचा वाक्य = १७

२

पहिलो र दोस्रो यी दुइ नाठा प्यारा भएमा
पहिलोसँग बोल्दा
हजुर प्यारो हुनुहुन्छ साँचो
दोस्रो प्यारो छैन झूटो
तेस्रो प्यारो छैन साँचो

चौथो प्यारो छैन साँचो
पाँचौँ प्यारो छैन साँचो
यस कारण साँचा वाक्य ४
दोस्रोसँग बोल्दा पनि यसै गरी साँचा वाक्य ४

तेस्रोसँग बोल्दा
हजुर प्यारो हुनुहुन्छ झूटो
पहिलो प्यारो छैन झूटो
दोस्रो प्यारो छैन झूटो
चौथो प्यारो छैन साँचो
पाँचौँ प्यारो छैन साँचो
यस कारण साँचा वाक्य २
यसै गरी चौथोसँग बोल्दा पनि साँचा वाक्य २
यसै गरी पाँचौँसँग बोल्दा पनि साँचा वाक्य २
यस कारण

जम्मा साँचा वाक्य = ४+४+२+२+२ = १४
झूटा वाक्य = $(५)^२$-१४ = २५-१४ = ११
यस कारण

पहिलो र दोस्रो यी दुइ जना प्यारा भएमा
झूटा वाक्य = ११
साँचा वाक्य = १४

३

पहिलो, दोस्रो तथा तेस्रो यी तीन नाठा प्यारा भएमा
पहिलोसँग बोल्दा
हजुर प्यारो हुनुहुन्छ साँचो
दोस्रो प्यारो छैन झूटो
तेस्रो प्यारो छैन झूटो
चौथो प्यारो छैन साँचो
पाँचौँ प्यारो छैन साँचो
यस कारण साँचा वाक्य ३

दोस्रोसँग बोल्दा पनि यसै गरी साँचा वाक्य ३
तेस्रोसँग बोल्दा पनि यसै गरी साँचा वाक्य ३
चौथोसँग बोल्दा

| | |
|---|---|
| हजुर प्यारो हुनुहुन्छ | झूटो |
| पहिलो प्यारो छैन | झूटो |
| दोस्रो प्यारो छैन | झूटो |
| तेस्रो प्यारो छैन | झूटो |
| पाँचौँ प्यारो छैन | साँचो |

यस कारण साँचो वाक्य १
पाँचौँसँग बोल्दा पनि यसै गरी साँचो वाक्य १
यस कारण
जम्मा साँचा वाक्य = ३ + ३ + ३ + १ + १ = ११
झूटा वाक्य = $(५)^२$ - ११ = २५ - ११ = १४
यस कारण
पहिलो, दोस्रो तथा तेस्रो यी तीन जना प्यारा भएमा
झूटा वाक्य = १४
साँचा वाक्य = ११

४

पहिलो, दोस्रो, तेस्रो तथा चौथो यी चार नाठा प्यारा भएमा
पहिलोसँग बोल्दा

| | |
|---|---|
| हजुर प्यारो हुनुहुन्छ | साँचो |
| दोस्रो प्यारो छैन | झूटो |
| तेस्रो प्यारो छैन | झूटो |
| चौथो प्यारो छैन | झूटो |
| पाँचौँ प्यारो छैन | साँचो |

यस कारण साँचा वाक्य २
दोस्रोसँग बोल्दा पनि यसै गरी साँचा वाक्य २
तेस्रोसँग बोल्दा पनि यसै गरी साँचा वाक्य २

चौथोसँग बोल्दा पनि यसै गरी साँचा वाक्य २

पाँचौँसँग बोल्दा

| | |
|---|---|
| हजुर प्यारो हुनुहुन्छ | झूटो |
| पहिलो प्यारो छैन | झूटो |
| दोस्रो प्यारो छैन | झूटो |
| तेस्रो प्यारो छैन | झूटो |
| चौथो प्यारो छैन | झूटो |

यस कारण साँचो वाक्य ०

यस कारण

जम्मा साँचा वाक्य = २+२+२+२+० = ८

झूटा वाक्य = (५)$^{२}$-८ = २५-८ = १७

यस कारण पहिलो, दोस्रो, तेस्रो तथा चौथो यी चार जना प्यारा भएमा

झूटा वाक्य = १७

साँचा वाक्य = ८

५

पहिलो, दोस्रो, तेस्रो, चौथो तथा पाँचौँ यी पाँचै नाठा प्यारा भएमा

पहिलोसँग बोल्दा

| | |
|---|---|
| हजुर प्यारो हुनुहुन्छ | साँचो |
| दोस्रो प्यारो छैन | झूटो |
| तेस्रो प्यारो छैन | झूटो |
| चौथो प्यारो छैन | झूटो |
| पाँचौँ प्यारो छैन | झूटो |

यस कारण साँचो वाक्य १

दोस्रोसँग बोल्दा पनि यसै गरी साँचो वाक्य १

तेस्रोसँग बोल्दा पनि यसै गरी साँचो वाक्य १

चौथोसँग बोल्दा पनि यसै गरी साँचो वाक्य १

पाँचौँसँग बोल्दा पनि यसै गरी साँचो वाक्य १

यस कारण

जम्मा साँचा वाक्य = १+१+१+१+१=५

झूटा वाक्य $= (५)^{२} - ५ = २५ - ५ = २०$

यस कारण

पहिलो, दोस्रो, तेस्रो, चौथो तथा पाँचौ यी पाँचै जना प्यारा भएमा

झूटा वाक्य = २०

साँचा वाक्य = ५

यहाँसम्मका कुराबाट जम्मा ५ जना नाठा हुँदा

१ जना प्यारो भएमा

८ = झूटा वाक्य

१७ = साँचा वाक्य

२ जना प्यारा भएमा

११ = झूटा वाक्य

१४ = साँचा वाक्य

३ जना प्यारा भएमा

१४ = झूटा वाक्य

११ = साँचा वाक्य

४ जना प्यारा भएमा

१७ = झूटा वाक्य

८ = साँचा वाक्य

५ जना प्यारा भएमा

२० = झूटा वाक्य

५ = साँचा वाक्य

हुने देखिन्छ ।

यस कारण

१ जना प्यारो हुँदा

झूटा वाक्य = ८ = १०-२ = ५ × २-२ = ५ (१+१)-१ × २

२ जना प्यारा हुँदा

झूटा वाक्य = ११ = १५-४ = ५ × ३-२ × २ = ५ (२+१) -२ × २

३ जना प्यारा हुँदा

झूटा वाक्य = १४ = २०-६ = ५ × ४-३ × २ = ५ (३+१) -३ × २

४ जना प्यारा हुँदा

झूटा वाक्य = १७ = २५–८– = ५ × ५–४ × २ = ५ (४ + १) –४ × २

५ जना प्यारा हुँदा

झूटा वाक्य = २० = ३०–१० = ५ × ६–५ × २ = ५ (५ + १) –५ × २

यस कारण माथिका यी रूप देख्ता

झूटा वाक्य = नाठाको सङ्ख्या (प्याराको सङ्ख्या + १) – २ प्याराको सङ्ख्या

साँचा वाक्य = (नाठाको सङ्ख्या)$^{२}$ – झूटा वाक्य

यी समीकरण बरन आउँछन्।

यस कारण

सैके १ ष्टगुणाः पुरुषा द्विरगुणेष्टोना भवन्त्यसत्यानि ।
तैरूना पुरुषकृतिः शेषं सत्यानि वचनानि ।।

(गणितकौमुदीको माथि उद्धृत सूत्र)

[ प्याराको सङ्ख्यामा १ जोडेर योगफलले पुरुष (नाठा) को सङ्ख्यालाई गुन्नू । गुणनफलबाट द्विगुणित प्याराको सङ्ख्या घटाउनू । शेष झूटा वाक्यको सङ्ख्या हुन्छ । पुरुष (नाठा) को सङ्ख्याको वर्गबाट झूटा वाक्यको सङ्ख्या घटाउनू । यो शेष साँचा वाक्यको सङ्ख्या हुन्छ । ]

गणितकौमुदीको यस सूत्रको यो अर्थ हुन्छ । यही अर्थ उपपत्तिसम्मत छ । माथिको गणितको मनन गरेपछि यो कुरो स्पष्ट हुन्छ ।

मेरा मातासह अहिले बाँचीरहनुभएको भए यस कुरालाई दुइ चार पटक सुनी परीक्षा गरी अन्त्यमा अवश्य पनि खुशी हुनुहुन्थ्यो र "पछि बिसिएला लेखी राख" भन्नुहुन्थ्यो । आफूले परिश्रम गरी जानेको कुरा लेखी राख्ने उहाँको स्वभाव थियो ।

बित्यो निकै काल, बित्यो निकै वय, हुँदै छ सेतो क्रमले सबै शिर ।
शङ्का थियो जो मनभित्र सो हट्यो, प्रसन्नता भित्र उदाउँदो भयो ।।१।।
बोलें कुरा जो त्यसको परीक्षण भए त हुन्थ्यो अझ झन् खुशी मन ।
जे होस् गरें जो अहिले परिश्रम, होला परीक्षा यसको कुनै दिन ।।२।।

(यस निबन्धलाई तयार गर्दा मैले अलिकता सहायता नाती देवीप्रसाद भण्डारीबाट लिएको छु । यस कारण उनी यथोचित धन्यवादका पात्र छन् ।)

(पूर्णिमा ४५ अङ्कको प. शि. १८ पछि)

# पाल्पाली राजा मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको विषयमा विभिन्न ऐतिहासिकहरूको विचार

-महेशराज पन्त
दिनेशराज पन्त

६. बाबुराम आचार्य

...दुइ वंशावलीमा धर्मपालका छोरा अनेकसिंह र अनेकसिंहका छोरा खामसेन या खामराज-सेन कहिएका छन्। एउटा वंशावलीमा खामसेनका भाइको नाम लामसेन लेखिएको छ। यिनै दुइ भाइदेखि 'सेन' पदवी यस वंशले लिएको हुनाले यस वंशमा पहिले राजा भएका खामसेन नै देखिन आएका छन्। धर्मपाल र अनेकसिंह सामान्य रजपूत देखिन्छन्।

खामसेनको राज्य-समय संवत् १५०० देखि १५३० सम्म अनुमान गरिएको छ।...

खामसेन पछि तिनका छोरा राजा चन्द्रसेन (१५३०-५०) भए।...

चन्द्रसेनका छोरा रुद्रसेन...

राजा रुद्रसेन (१५४०-७५ अं०) ले पालपा (तानसेन) लाइ राजधानी बनाए। खामसेन र चन्द्रसेन को राजधानी कहाँ थियो, निश्चय भएको छैन। यी रुद्रसेनले गरिदिएको एउटा दानपत्र देखिएको छ। पाठकका मनोरंजनका निमित्त त्यसको नकल यहां दिइन्छ:-

"स्वस्ति श्रीरूपनारायणेत्यादिविविधविरुदावली विराजमानमानोन्नतश्रीमहाराजाधिराज श्रीमत् रुद्रसेनदेवानां सदा समरविजयिनाम् नरनारायण दास उपाध्या तथा ... उपाध्या इनके सरदेवा हूलहाल हीफे वरेसे सम संकल्प वदै दिइल्यु हाल हिप खिजाउवा सोहीआना हालही ताही संकल्प मुढु गर्दिले ह्रिदिलहिदिल अत्र साक्षी थापा बुद्धजुर थापा पालसिव्या साक्षी मीराता राविल वनाकर उपाध्या ससधर कुंअर रामसिंघ थापा विष्णुसिंह विसराम खत्रि अमृतखड्ग दास वान गर्निदेव थापा विकवसंत जोइसी मै चन्द्रकुंवर अनुत्तण जन साखि संवत् १५७१ वैसाष सुदी इति" ...

राजा रुद्रसेनका तीन छोरामा जेठा मुकुन्दसेन राजगद्दीमा बसेर अंदाजि ३५ वर्ष (१५७५-१६१०) राज्य गरेको देखिन्छ।...

## मनगढ़न्त मुकुन्दसेन र हरिसिंहदेव ।

जुन महापुरुष मुकुन्दसेनको बयान गरियो, तिनैको नाम लिएर नेपालमा एक दन्त्य कथा चलेको छ । त्यस अनुसार मुकुन्दसेन देश विजय ता गर्दथे, तर जितिएका जगामा शासनको प्रवन्ध गर्दैनथे । यसै कथाका आधारमा "मुकुन्दसेनले मुलुक सारे जस्तो" भन्ने उखान पनि चल्न लागेको छ ।

यो दन्त्यकथा सृष्टि भएको एक सय वर्ष पनि भएको देखिंदैन । तर यसले मानिसहरुका दिललाइ साह्रै नै असर गरिरहेको देखिन्छ । यस कथाको आधार नेपालका एक वंशावलीमा लेखिएको मनगढ़न्त कथा देखिन्छ । पुराना वंशावलीहरुमा यस कथाको नामो-निशान पाइंदैन । तर डाक्टर डी. राइटले नेपालको इतिहास भन्ने नाम दिएर जुन वंशावलीको अंग्रेजी-भाषामा अनुवाद क्याम्ब्रिज बाट संवत् १९३४ मा प्रकाशित गराएका छन्, त्यसमा त्यो कथा लेखिएको छ । यो ल-वंशावली श्री गुणानन्द पंडितले दिएको भनी राइटले लेखेका छन् । यस कारणले अंग्रेजहरुलाइ दंग पार्नाका निसित्त तिनै पंडितले त्यो कथा गढे.को अनुमान हुन्छ । त्यो कथा पूरा दिएर व्यर्थमा कागत रंगाउँनाको जरुरत छैन । पाठकका मनोरंजनका निमित्त सारांश यहाँ दिइन्छ:-

"कर्नाटक-वंशका छैटौं र अन्तिम राजा हरिसिंह देवका दरबारबाट निकालिएको एक मगर आफ्ना घरमा पुगेर नेपालका सूनै-सूनका छाना र धाराहरुको बयान गर्दा यो कुरा मगर-राजा मुकुन्दसेन ( द मगर् राजा नेम्ड् मुकुन्द् सेन् ) ले सुनेर तुरुन्त सैन्य लिई नेपालमा आए । लड़ाइँमा हरिसिंह देवलाइ हराइ केहि नेपाली सैन्यलाइ मारे औ केहि भागे । मुकुन्दसेनका सैनिकले देवताका मूर्ति भाँचकुच गरी दिए । यो उपद्रव भए पछि पशुपतिनाथका मूर्तिबाट दाह्रा निस्की मुकुन्दसेनका सैन्यमा महामारी फैलियो । नेपालमा उत्रेका सारा खश र मगर बाटा बाटैमा सोतर भए । यो देखेर सन्यासीको भेष लिई मुकुन्दसेन पूर्व तिर लागे र देवघाटमा पुगी मरे ।"

यस कथामा सिन्की र हकुवाका कथा पनि जोड़िएको छ । "मुकुन्दसेनका लूट देखि डराएर पाटन ( ललितपुर ) का रयतले मूला जमीन भित्र लुकाए औ कीर्तिपुरका रैयतले धानका बालाको कुन्यु लगाएर माटाले पुरि दिए । मुकुन्दसेन फिरे पछि उपद्रव शान्त हुदा तो मूला र धान झिकेर हेर्दा सिन्की र हकुवाका रूपमा पाइएको हुनाले नेपालमा सिन्की र हकुवा बनाउने चलन भयो ।" यो कथा बालकहरुका मनोरंजनको बेस सामग्री हुनाले एक शिशुपाठ्य-पुस्तकमा छापिएको पनि छ । तर यस क्षुद्र कथाले बालकका दिलमा आसन जमाएर पछि पनि रहला भन्ने भय देखिन्छ ।

नेपालको सारा इतिहास छानबीन गरि हेर्दा हरिसिंह देव भन्ने राजा कुनै समयमा पनि भएका

देखिंदैनन् । कर्णाट-वंशका छैटौं र अन्तिम राजाको नाम हरसिंहदेव हो; हरिसिंहदेव होइन । यो कर्णाट-वंश नेपालका तराइमा सिमरौनगढ़मा राजधानी गरी मिथिलामा शासन गर्दथ्यो । नेपालका पहाड़खंडका राजधानी ललितपुरमा हरसिंहदेवले आक्रमण गरी लूट मार गरेर फिरेको कुरा नेपालका पुराना-वंशावलीहरुमा पाइन्छ । यिनले पहाड़खंडमा आएर राज्य गरेको कुनै प्रमाण पाइंदैन । जुन समयमा यी हरसिंहदेव सिमरौन-गढका राजगद्दीमा थिए; उस समयमा नेपालका राजसिंहासनमा आनन्ददेव ( १३४६-७७ अ० ) र अरिमल्ल ( १३७७-१४०४ अ० ) थिए; शासनको बागडोर रुद्रमल्लदेवका हातमा थियो ।

प्रोफेसर सेसिल बेंडालले यस समयका नेपालका इतिहासको ज्यादै छानबीन गरेका छन् । तर ती पनि अलमलिएर राइटका वंशावलीका हरिसिंहदेव र हरसिंहदेव एउटै व्यक्ति संझी हरसिंहदेवका बदलामा हरिसिंह नाम व्यवहार गरेका छन् । यी हरसिंहदेवलाइ दिल्लीका बादशाह गयासुद्दीन तुगलकले एक सेनापति द्वारा सिमरौनगढमा आक्रमण गरी निकाले थे । यस घटनाको उल्लेख नेपालका एक पुराना-वंशावलीमा गरिएको देखिन्छ । वंशावलीका जुन पातामा त्यो घटनाको बयान दिएको छ; त्यसको छाप ( प्लेट ) पनि बेंडालले दिएका छन् । तर त्यहाँ लेखिएका वाक्यको अर्थ निकाल्न न सकेर नेपाल-आक्रमण गरेको मतलब त्यस वाक्यको प्रकट गरेका छन्[२] ।

सेनहरुका वंशावलीमा रुद्रसेन भन्दा अगाड़ि मुकुन्दसेनको नाम पाइंदैन । धर्मपाल भन्दा अगाड़ि अनेक कल्पित नाम दिइएका छन्; तिनमा पनि मुकुन्द भन्ने नाम छैन । सोह्रौं शताब्दी भन्दा पहिले सेन -वंशको उदय एकै देखिएको छैन । यस अवस्थामा तेह्रौँ-चौधौँ शताब्दीका मुकुन्दसेनको कल्पना आकाश-कुसुम बराबरको छ ।

श्री गुणानन्दले होस् या अरुले होस् खश र मगरहरुलाइ मूर्ति तोड्ने दुष्ट बताएर खश-मगर र नेवारमा द्वेष पैदा गर्नालाइ नेपालका एक महापुरुष क्षत्रिय-राजा मुकुन्दसेनलाइ मगर-राजा बनाई तिनको पवित्र-चरित्रलाइ कलंकित गराएको देखिन्छ । यस घृणित कामको जति निन्दा गरे पनि थोरै छ ।

१ ईश्वरी प्रसाद, मेडियावल इंडिया ( एलाहाबाद ), पातो २२६ ।

२ त्यस छापमा आएका वाकयको उतार यो छः- "सं ४४६ माघ सुदि ३ तिरहुतिः हरसिंह राजासन मिथ्ला सनतो सत्रशहीटो ढीर्लीस तुरकयाके बहुहरायत मानारयम् थमू अगु ... याङ वस्यम् सिमरावनगह्न भङ्ग याङ तिर हुतिया राजा महाथ आदिन समस्तत भङ त्य (?) सन वनटोम् ग्वलच्छिनो वखः: ।" यहाँ, हरसिंहराजा= राजा हरसिंहदेव; मिथ्ला= मिथिला; ढीर्ली= दिल्ली; तुरक= मुसलमान; सिमरावनगह्न= सिमरौनगढ; महाथ= महामात्य ( मंत्री ); व्यसनवन= कुनै ठाउँको नाम; ग्वलच्छि= तीन महीना ।

परन्तु बेंडालले यसको मतलब यो प्रकट गरेका छन्:-

"द प्रिसाइस नेचर् अफ् हरिसिङ्घ'ज् एक्सपिडिशन् में बी फर्दर् एक्स्प्लेन्ड् बाइ नेवारी एक्सट्र्याक्ट् फर्मिङ् फिग्, १० अफ् द प्लेट् । ( हिस्टर्इकल् इन्ट्रडक्शन्, पी. १४ )

[ वि. सं. १९९७ मा दार्जीलिङ्गबाट नेपाली साहित्य सम्मेलनद्वारा प्रकाशित सूर्य्य विक्रम ज्ञवालीद्वारा सम्पादित भानुभक्त स्मारक ग्रन्थ ( मृत्यु भएको ७० वर्ष पुगेको उपलक्ष्यमा प्रकाशित) मा छापिएको बाबुराम आचार्यको तनहुँको सेन-वंश भन्ने निबन्ध, सो ग्रन्थका ६४-६६, ६८-७० पृ. ]

### ७. रघुनाथसिंह

मुकुंदसेन मगर-जाति के राजा थे। बुटबल और पाल्पा उनका राज्य था। १२ वीं शताब्दि में नेपाल के राजा हरीदेव को पराजित कर उन्होंने नेपाल को जीता था। ...

अरिदेव मल्ल ने चौदहवीं शताब्दी के आरम्भ में नेपाल में राज्य किया था। उसके पुत्र राजा अभयमल्ल ने अपने दोनों पुत्रों जयदेवमल्ल तथा आनन्दमल्ल को नेपाल-राज्य विभाजित कर दिया था। जयदेवमल्ल के भाग में काठमाण्डू तथा पाटन आया और आनन्दमल्ल के भाग में, जिसे कुछ लोग अनन्तमल्ल भी कहते हैं, भक्तपुर या नगर ( भाटगाँव ) तथा अन्य नगर आए।

मुकुन्ददेव ने खस और मगर जातियों के साथ नेपाल का विजय किया। मुसलमानों की बढ़ती शक्ति से घबड़ाकर तिरहुत के राजा हरिसिंहदेव नेपाल में भागकर आए और नेपाल पर अपना आधिपत्य स्थापित किया। नेपाल में उसी समय सन् १३४९ में बंगाल के शमशुद्दीन ने भी आक्रमण किया। डा० रेगमी ने काठमाण्डू के एक शिलालेख का हवाला देते हुए मत प्रकट किया है कि मुसलमानों ने काठमाण्डू को ध्वस्त किया था तथा भगवान् पशुपतिनाथ की मूर्ति भी तोड़ी थी। मुसलमान नेपाल में ठहर नहीं सके। वे लूट-पाटकर लौट आए और हरीसिंह भी तिरहुत लौट आए। नेपाल में हरीसिंह ने अपना वंशज अवश्य छोड़ा; किंतु कहना न होगा कि केन्द्रीय सत्ता दुर्बलता के कारण अराजकता का ही राज्य रहा।

( वि. सं. २००७ मा काशीबाट अनुभूति-प्रकाशनद्वारा प्रकाशित रघुनाथसिंहको जाग्रत नेपालका २०-२१,४० पृष्ठबाट )

### ८. रामजी उपाध्याय

९-कर्णाट वंशका नेपालका राजाहरूको वंशावली।

न. सं. ९ साके ८११ सन् ८८९ श्रावण शुक्ल सप्तमी शनिवार का दिन दक्षिण कर्नाट देशका राजा नान्यदेवले आफ्ना विशाल सैन्यका साथ नेपाल माथि आक्रमण गरे । तिन्का सैन्यमा नायेरा स्थान वासी ब्रह्मपुत्र क्षत्रिय आचार विचार राख्ने मानिषहरु आएका थिए । तिनै नाएरा-हरुले नेपाल लाई वासभूमि बनाए पछि तिनीहरु नेवार भन्ने जातीय नाऊँ ले प्रसिद्ध भए । राजा नान्यदेव संग पराजित भएका राजा जयमल्ल र आनन्दमल्ला तिरहुत तिर भागेका थिए । राजा नान्य-देवले भादगाउलाई आफ्नो राजधानी बनाए । कर्णाटवंशी राजा हरुले नेपालमा छ पुस्ता सम्म राज्य गरे । १ नान्यदेव २ गंगदेव ३ नरसिहदेव इनले चम्पापुरी भन्ने गाऊँ बसाएको थियो । ४ शक्तिदेव ५ रामदेव ६ हरिदेव कर्णाट वंशका अन्तिम राजा भए ।

पाल्पा नरेश राजा मुकुन्दसेनको आक्रमण ।

राजा हरिसिहदेवका पालामा नेपालमा प्रजाविद्रोह भएको थियो । तिन्ले त्यस प्रजा विद्रोह लाई शान्त गरेका थिए । तर विफल विद्रोही मध्येको कुनै एक पाल्पाली मगरले आफ्ना गाऊँ पाल्पामा गई, नेपाल राज्यका वैभवको प्रशंसा गरि, पाल्पा नरेश मुकुन्दसेनलाई नेपाल माथी आक्रमण गर्ने प्रोत्साहित गरेको थियो । राजा मुकुन्दसेनले ने स. २२८ साका १०३० सन १०६८[1] मा आफ्ना खस र मगर सैन्यका साथ नेपाल माथी आक्रमण गरे । आक्रमणमा विजयी भएको पाल्पाली सेनाले नेपालमा ठूलो लूट तथा उपद्रव मचाएको थियो । तिनीहरुले नेपालका अनेक देवा-मूर्तिहरूलाई भंग गरेका थिए । विजयोपरान्त राजामुकुन्दसेनले मत्स्येन्द्रनाथका संमुखको विशाल अर्नाको मूर्ति लाई पाल्पा पठाए । निजले विजयका खूशीमा मत्स्येद्रनाथका मूर्तिमा चढाएको सुनको हार, आद्यावधि छदैछ । त्यसै बेला देखि नेपालमा खस र मगर हरूका पदार्पण भएको थियो ।

युद्धोपरान्त नेपालमा विकरालरूपले माहामारी फैलियो र समस्त पाल्पाला सेनाको नाश भयो । राजा मुकुन्दसेन स्वयं संन्यासी भेषमा नेपालका पूर्वतिर भागेका थिए । पछि पूर्वबाट फर्कंदा नुवाकोटका देवीघाटमा तिन्को मृत्यु भयो ।

१०— वैश्य ठकुरी राजपूत नेपालका राजाहरूको वंशावली ।

राजा मुकुन्दसेनका आक्रमण पछि माहामारीले ध्वंस भएको नेपालमा आठ वर्ष सम्म कोई राजा भएनन् । आठ वर्ष पछि नेपालका शुन्य राज्यासनमा फेरी नुवाकोटे वैश्य ठकुरी वंशका अनेक राजा हरुले आफ्नो अधिकार गरे । तिन्ताक कान्तिपुरमा बारह राजा, पाटनमा टोल पिछे राजा र भादगाऊमा ३ जना राजा हरू राज्य गर्दथे । इनी हरूका अनेक पुस्ताका अनगिन्तीका राजाहरूले २२५ वर्ष सम्म नेपालको राज्य गरेको थियो । ...

---

१. ११०८ हुनुपर्ने

## पाल्पाका सेन वंशी राजाहरूको वंशावली ।

अत्र यहाँ इतिहास कालको क्रम मिलाउनलाई सेनवंशीय पाल्पा नरेश हरूको वर्णन गर्नु परेको छ । जुन बेला राजा हरिदेवले भादगाऊँमा आफ्नो अधिकार गरी पाटनका मंत्री तथा भारदारहरूका विद्रोहलाई दबाई आफ्ना अधिकारमा गरीरहेका थिए । ठीक त्यसै बेला पश्चिम पाल्पा नरेश पाल वंश विजेता सेन वंशोद्भव मुकुन्दसेनको शक्ति निकै वढि रहेको थियो । तिनका "खस" "मगर" हरूका बहादुर सैन्य वरीपरीका राजाहरुलाई आतंकका कारण बनेका थिए तथा तिनी हरू क्रमशः पाल्पानरेशका प्रभावमा हुँदै गएका थिए। तिन्ताक नेपाल ( खाल्टो ) राज्य, वरीपरीका राज्यहरुमा निकै समृद्धिशाली मानिएकोले राजा मुकुन्दसेनका मनमा नेपालको विजयलालसा उत्पन्न भयो। त्यसै अवसरमा पाटन राज्यको कुनै एक पाल्पाली सैनिक सुवन्वा मगरलाई पाटने हरूले मुकुन्द सेनको चर संझी कूटपिट गरी-निकालेका थिए ।त्यसले त्यो मानिस पाल्पा पगी स्वर्णमयी नेपालका वैभवको प्रचार गरी हिड्न लाग्यो। त्यो खबर राजा मुकुन्दसेनले पनि सुने। त्यस वर्णनले तिन्को चिरसंचित अभिलाषा प्रज्वलित भएकोले निजले नेपाल विजय गर्न आफ्ना अजेय खस र मगरहरूको सैन्य लिएर पाटन पुग्दा भए। यस्ता प्रकारले हठात् विशाल सैन्यका साथ मुकुन्दसेनले आफ्ना माथि आक्रमण गरेको देखी हरिसिंह देवले अगाडी बढी मुकुन्दसेनको सामना गरे, तर सफल भएनन् । विजयी पाल्पालीहरू बढ्दै पाटन भित्र पुगे तथा तहाँका अनेक मंदिर देवमूर्ति लाई समेत् विध्वंस गर्दै ठूलो लूटपाट मचाई नेपाल मा अकथनीय अत्याचार गरेका थिए । त्यसवेला मदोन्मत्त विजयी पाल्पाली सैनिकहरुका अत्याचारको प्रतिकार गर्ने कोही भएनन् । त्यसै बेला स्वयं दैवले त्यस् अत्याचारको प्रतिकार गर्न आँटे झैं नेपालका चारै तिर महामारी फैलिन थाल्यो । राजा मुकुन्दसेनका खस तथा मगर सैन्य प्रायः सबै रोगले ग्रसित भई धमाधम मर्न लागे । यस्ता अवस्थामा मुकुन्दसेन किंकर्तव्य विमूढ भई संन्यासी भेष धारण गरी आफ्नो जीवन बचाउन नेपाल बाट भागे। स्वदेश पाल्पा तिर लागेका मुकुन्दसेनको मृत्यू नुवाकोटका देवीघाटमा भएको थियो। त्यसै पाला राजा मुकुन्दसेनले श्री मत्स्येन्द्रनाथका प्रतिमालाई सुवर्णहार अर्पण गरेका थिए । त्यो हार अद्यावधि प्रतिमामा छदै छ । तिन्ले मत्स्येन्द्रनाथ मंदिरका संमुख राखिएको अनौंको प्रतिमा आफ्ना राज्यको बुटौल भन्ने ठाऊँमा पठाएका थिए ।यसै युद्धमा आएका खस र मगरहरू सद्धै अनेक नेपाल देशमा बसे र नेपाली प्रजाजन भएका थिए ।

राजा मुकुन्दसेनका आक्रमण कालमा नेपाली प्रजाले शत्रु भयल आफ्नो रासन चामल र मुलाहरू लाई भूमिमा गाडेर राख्ने गरेको थियो। पछि शत्रु भयबाट उन्मुक्त भएर नेपाली हरूले गाडेर राखेको त्यो चामल मुलाहरू झिकेका थिए । अनेक समय सम्म भूमिका रहेका

ले त्यो चामल र मुलाहरूमा यउटा विचित्र स्वाद आएको थियो । त्यसैले पछि कृत्रिम रूपले चामल र मुलालाई गाडेर 'हकुवा" चामल र "सिन्की" मुला बनाउने चलन नेपालमा चलेको हो ।

( वि. सं. २००७ मा बनारसबाट सुब्बा होमनाथ केदारनाथद्वारा प्रकाशित रामजी उपाध्यायको नेपाल को इतिहास अर्थात् दिग्दर्शनका ११६-१२०, १२४-१२५ पृष्ठबाट )

## ९. बालचन्द्र शर्मा

अनन्तमल्ल- यिनको शासन-कालमा लेखिएका अनेक ग्रन्थ प्राप्त छन् । यिनको आधारमा अनन्तमल्लको शासन कम-से-कम नेपाली संवत् ३९६-देखि ४२७ (१२७६-१३०७ ई०)-सम्म अर्थात २८ वर्ष रहेको प्रकट हुन्छ ।...

राइटको वंशावलीमा यिनको समयमा मगर र खसहरूलाई लिई मुकुन्दसेनले पश्चिमतिरबाट नेपालमा आक्रमण गरी ठूलो उत्पात मचाएको कुरा लेखिएको छ । यस आधारमा प्रत्येक विदेशी इतिहासकारले यस सम्बन्धमा अनेक अड्कल गरेका छन् । परन्तु, नेपाली इतिहासका अधिकारी विद्वान् ख० बाबुराम आचार्यको अनुसार यो आक्रमणको कुरा नितान्त भ्रमपूर्ण र मिथ्या हो । ईसाको सोह्रौं शताब्दीभन्दा अघि पश्चिमी नेपालमा सेनवंशको उदय नै भएको थिएन । यस अवस्थामा तेह्रौं-चौधौं शताब्दीमा मुकुन्दसेनको कल्पना नै निराधार छ ।

( वि. सं. २००८ मा बनारसबाट माधवप्रसाद शर्माद्वारा प्रकाशित बालचन्द्र शर्माको नेपालको ऐतिहासिक रूप-रेखाको पहिलो संस्करणका १३१-१३२ पृ., वि. सं. २०२२ मा बनारसबाट कृष्ण-कुमारी देवीद्वारा प्रकाशित दोस्रो संस्करणका १३१-१३२ पृ., वि. सं. २०३३ मा बनारसबाट कृष्ण-कुमारी देवीद्वारा प्रकाशित चौथो संस्करणका १३१-१३२ पृष्ठबाट)

## १०. डिल्लीरमण रेग्मी (वि. सं. २००९)

अनन्त मल्ल . . . ही ह्याड ए रेन अफ ट्वेन्टि एट् यर्ज् फ्रम् एस् ३९६ टु एस् ४२७ । . . . अनन्तमल्ल'ज् रेन् टेक्स अस् टु द यर् १३०७ ए. डी. । हिज् सकसेसअर् जयानन्ददेव हूज् म्यानुस्क्रिप्ट् नागानन्द इज् डेट्इड एस् ४३८ ह्याड ए रेन् पीरइअड् अफ् टेन् यर्ज् । द क्रन्इकल् रिकर्ड्ज थाट् इट् वज् ए पीरइअड् अफ् यान्आर्कि यान्ड् देर् वज् नो सेन्ट्रल् याड्मिनिसट्रेशन्, एभ्रि चिफ्टेन् कल्ड् हिमसेल्फ् ए किङ् यान्ड् ट्राइड् टु फरदर् हिज् वोन् पेटइ इन्टरइस्टस् यान्ड् अल् टेम्प्लज् वेर् स्याक्रिलिज्ड् । द नेपाल भ्यालइ वज् अल्सो अकेजन्लि डिसटर्बर्ड् बाइ इनभेझन् फ्रम् द वेस्ट् यान्ड् नर्थ् बाइ द खसियाज् यान्ड् मगर्ज् । वन् आदितमल् कल्ड् सेन एनटर्ड् इनटु द भ्यालइ याट् द हेड् अफ् यान् इन्भेडइ फोर्स् यान्ड् अकयुपाइड

ए पोर्शन् अफ् इट् फर् सम् टाइम् । ही वज फल्ओड् बाइ मकुन्द सेन अफ् पाल्पा ○। अल्दो बोथ दीज् इनभेड्अर्ज् वेर् कम्पेल्ड् टु रिट्रीट् अन् अकाउन्ट् अफ् द वाइड्स्प्रेड् पेस्टिलेन्स् यान्ड् डिजीज् देन् रेजइङ् हाइ, द कन्ट्रि दे लेफ्ट् वज् कम्प्लीट्लि डेभस्टेटइड् यान्ड् रुइन्ड् । बट् वर्स् द्यान् दीज्, नेपाल् फेस्ड् द राइज् अफ् अनदर् सीरइअस् इन्सेक्शन् फ्रम् द साउथ् लेड् बाइ हरिसिन् हदेव अफ् तिर्हुत, हू वज् बट् टेकइङ् याडभान्टिज् अफ् द कल्यामइटि स्ट्राइकइङ् नेपाल् याट् द टाइम् ।

दि एग्जाइल्ड् ठकुरीज् अल्सो सीम् टु ह्याभ् बीन् रेजइङ् देर् हेड् याट् दिस् टाइम्, यान्ड् याक्ट्यु अल्लि वन् प्रिन्स् गट् हिम्सेल्फ् रिस्टोर्ड् टु पाउअर् ।

⊙कर्क्प्याट्रिक्, पी २५६ । भी ३ रङ्लि पुट्स् आद्दितमल्'ज् इनभेजन् टु द यर् १३२८ ए. डी.

[ वि. सं. २००६ मा काठमाडौँबाट प्रकाशित डिल्लीरमण रेग्मीको एनशन्ट् यान्ड् मेडईभल् नेपाल् (प्राचीन र मध्यकालको नेपाल) का १४६–१५० पृष्ठबाट]

[ अनन्त मल्ल, यिनले ने. सं. ३६६ (वि. सं. १३३५) देखि ने. सं. ४२७ (वि. सं. १३६४) सम्म २८ वर्ष राज्य गरे । अनन्त मल्लको शासन वि. सं. १३६४ मा टुङ्गिन्छ । यिनका उत्तराधिकारी जयानन्ददेवले दश वर्ष राज्य गरे । यिनको पालामा सारिएको नागानन्दको समय ने. सं. ४३८ ( वि. सं. १३७४) छ । यो अराजकताको समय थियो, मूल ( केन्द्र ) मा सरकार थिएन, हरेक मुखिया आफूलाई राजा भन्थ्यो, उसले आफ्नै क्षुद्र स्वार्थ पूरा गर्ने कोशिश गर्थ्यो, सबै मन्दिर लुटिएका थिए भनी वंशावलीमा लेखिएको छ । नेपालखाल्डोमा खस र मगरहरूले पश्चिम र उत्तरबाट गरेका हमलाले गर्दा पनि कहिलेकहीँ गोलमाल हुन्थ्यो । सेन भन्ने कुनै आदितमल हमला गर्न आएको फौजको कमान गरी खाल्डोभित्र पसे र केही समयसम्म उनले यसको एक भाग अँठ्याए । यिनीपछि पाल्पाका मकुन्द सेन आए ○। त्यस वेला महामारी खूप चम्केकोले र रोग खूप फैलिएकोले ती दुवै हमलावरलाई फर्कन कर लाग्यो तापनि तिनीहरूले छोडेर जाँदा मुलुक पूरै उजाडिएको थियो र सखाप भएको थियो । तर यीभन्दा पनि खराप, त्यस समयमा नेपाललाई परिरहेको आपत्‌बाट खालि फाइदा मात्र उठाइरहेका तिरहुतका हरिसिंहदेवले गरेको दक्षिणबाट भएको अर्को ठूलो हमलाको नेपालले सामना गर्‍यो ।

निकालिएका ठकुरीहरूले पनि यस बेला टाउको उठाइरहेको देखिन्छ र एकजना राजकुमारले साँच्चिकै फेरि अधिकार हात लाए ।

○कर्कप्याट्रिकको पुस्तक २५६ पृ. । गोपालराजवंशावलीमा वि. सं. १३८४ मा आद्दितमलको हमला भयो भनी अशुद्ध लेखिएको छ । ]

## ११. प्रेमबहादुर लिम्बू र भूपेन्द्रनाथ ढुङ्गेल

अरिदेव पछिका अभय मल्ल जयदेव मल्लका पालामा सूर्य वंशी कर्णाट वंशका राजा तान्य देवले आक्रमणगरि मल्ल राज्य जिति नान्यदेवका पिढि देखि ६ पिढि सम्म राज्य गरे कर्णाट वंशका राजाहरूको नाम नान्यदेव गंगदेव र सिंहदेव शक्तिदेव, रामदेव, हरिदेव ६ पिढि अन्तिमका राजा हरिदेवका पालामा प्रजा विद्रोह भएको सान्त गन नसकेकाले पाल्पानेरस मुकुन्द सेनले सुनी आफ्ना सेना खस, मगर, जातीहरूलि नेपालका हरि देवका राज्यमा चाढाई गरे। मुकुन्द सेनको सेनाहरूले अत्याचार गरी बाल बृद्ध तथास्त्री हरू समेतको घातर त्यहाँका ठूला अनेक देव मन्दिर र मूर्तिहरू समेत भत्काई मिल्काई मन परिको लुटमा र भ्रष्ट गराइ नेपाल सर गरे-काले नेपालका प्रसीद्ध देवताले भयानक क्रोध स्वरूप, धारण गरी ठूलो महामारि रोग उठ पाल्पालि सेना एक मात्र पनि न बची उक्त रोगले ग्रास गरि लिंदा यम लोक प्राप्त भए। राजा मुकुन्द सेन एक्लै नेपालमा टिक्न नसकि संन्यासी भेषलि पूर्व कैरात देश तर्फ गैडनि हरूको शरणमा केहिदीं रहेपछि किरात देश देखी आफ्नो राजधानि तर्फ फर्कदाँ त्रिशूलिगण्डकि किनार देवघाटमा पुगि उन्कोमृत्यु भयो।...

राजा मुकुन्द सेनको आक्रमण पछि माहा मारिले ध्वंस भएको नेपाल मा ७ बर्ष सम्म कोहि राजा भएनन् त्यसपछि नेपालको सून्य राज्यमा पश्चिम नुवाकोटका ठकुरी वंशका राजबंस हरू आई टोल पिच्छे प्रत्येक राजाभई राज्य गरे।

[ वि. सं. २०११ मा काठमाडौँ बाट प्रेमबहादुर लिम्बू तथा भूपेन्द्रनाथ शर्माद्वारा विरचित तथा प्रकाशित संक्षिप्त नेपाल इतिहासका १४५,१४६ पृष्ठबाट ]

## १२. काशीप्रसाद श्रीवास्तव

...एक समय अरिदेव जब मल्लयुद्ध में खेल रहे थे तभी उनको पुत्र-जन्म की शुभ सूचना दी गई। इसी नाते अरिदेव के पश्चात् जितने भी सूर्यवंशी राजे हुए सब अपने-अपने नामों के अन्त में 'मल्ल' शब्द लिखने लगे। अभय मल्ल और जयदेव मल्ल इनके बाद शासक हुए। जयदेव मल्ल ने अपने भ्राता आनन्द मल्ल को भातगांव का राज्य दिया। राजा आनन्द मल्ल की आज्ञा लेकर साखवाल नामक एक शूद्र वणिक ने नेपाली संवत् चलाया। नेपाली संवत् अक्तूबर सन् ८८० ई० से प्रारम्भ होता है।

## कर्णाट वंश

कर्णाट देश के पराक्रमी राजा नान्यदेव ने नायेरा स्थानवासी ब्रह्मपुत्र क्षत्रियों के सहित एक विशाल सेना लेकर नेपाल पर आक्रमण किया और जय मल्ल तथा आनन्द मल्ल को तिरहुत भगाकर स्वयं भक्तपुर को अपनी राजधानी बनाया। यही नेयार क्षत्रिय नेवार कहलाने लगे।

नान्यदेव के पश्चात् क्रमशः गंगदेव, नरसिंहदेव, शक्तिदेव, रामदेव तथा हरिदेव, कर्णाट-वंशी राजे नेपाल में शासन करते रहे। राजा गंगदेव और नरसिंह देव ने चम्पापुरी नाम का गांव बसाया। हरिदेव इस वंश के अन्तिम राजा थे। इनके शासनकाल में नेपाल में प्रजा का विद्रोह हुआ और एक विफल विद्रोही मगर ने पाल्पा के तत्कालीन राजा मुकुन्दसेन को नेपाल पर आक्रमण करने के लिए प्रोत्साहित किया। फलतः सन् १०९८ ई० खस और मगर सेना को लेकर राजा मुकुन्दसेन ने भीषण रूप से आक्रमण किया। इस युद्ध में राजा मुकुन्दसेन की विजय हुई और उनकी सेना ने नेपाल की अनेक देवमूर्तियों को नष्ट-भ्रष्ट किया और लूट-पाट भी बहुत की। विजयोपरान्त राजा मुकुन्दसेन ने मत्स्येन्द्रनाथ के सामने की विशाल मूर्ति पाल्पा भेज दी। नेपाल-विजय से राजा मुकुन्दसेन की प्रतिष्ठा बहुत बढ़ गई और इसी वर्ष में उन्होंने मत्स्येन्द्रनाथ की भव्य-विशाल मूर्ति को एक स्वर्ण-हार पहनाया। राजा मुकुन्दसेन ने खस और मगर सैनिकों को विशेष प्रोत्साहन दिया और तभी से खस और मगर जातियां नेपाल में विस्तृत रूप से फैलती गईं। राजा मुकुन्दसेन की शानदार विजय तो हुई परन्तु ज्योंही उन्होंने राज्याधिकार अपने हाथों में लिया वैसे ही पाल्पा में विकराल महामारी का रोग फैल गया जिससे विकल होकर राजा मुकुन्दसेन को सन्यासीवेश धारण करके नुवाकोट की ओर भाग जाना पड़ा। इतना ही नहीं, अपितु इसी महामारी से पाल्पा की समस्त सेना का नाश हो गया। राजा मुकुन्दसेन की मृत्यु नुवाकोट में देवीघाट पर हुई।

## वैश्य ठकुरी वंश

इसके पश्चात् आठ वर्ष तक राजगद्दी खाली रही। तत्पश्चात् वैश्य ठकुरी वंश के अनेक राजाओं ने राज्य किया। इस काल में कान्तिपुर में बारह राजे, पाटन के एक मुहल्ले में एक-एक राजा और भक्तपुर में तीन राजाओं ने राज्य किया।...

[ वि. सं. २०११ मा दिल्लीबाट आत्माराम एन्ड संसद्वारा प्रकाशित काशीप्रसाद श्रीवास्तवको नेपाल की कहानी (सचित्र) का १४–१५ पृष्ठबाट.]

## १३. फ्रान्सिस टुकर

इन् १०९७ वन् नन्द देव, ए राजपुत् फ्रम् दि इन्डिअन् डेक्कन्, हू ह्याड् इन्स्टलड् हिमसेल्फ् याट् सिम्राओन्, अर् तिरहुत, टवेन्टि माइल्ज् इस्ट् अफ् रक्सौल्, पुट् यान् एन्ड् टु दिस् पारसल् अफ् प्रिन्सलिङ्ज्, याट् लीस्ट् टेम परारिलि, बाइ इनभेडइङ् द भ्यालइ, टेकइङ् भादगाओँ यान्ड्, फ्रम् देर्, सीजइङ् दि अदअर् टू प्रिन्सिपलइटइज़् । अफ् मोर् इनटरइस्ट् यान्ड् इमपटअन्स् द्यान् दिस्, हाउएभर्, इज् दि अपीरअन्स् अबाउट् नाउ अफ् माइग्रन्ट्स् फ्रम् द माउनटिनज् अफ् द वेस्ट्, पीप्ल् अफ् द खस् ट्राइब् । दिस् इज् द फर्स्ट् वी हीर् अफ् देम् यान्ड्, अपार्ट् फ्रम् ए फरमर् इनकरशन् फ्रम् नीरबाइ नवाकोट् बाइ ए स्मल् ठाकुर् चीफ्टेन्, इट् इज् द फर्स्ट् टाइम् वी ह्याभ् बिकम् अक्वेन्टइड् विथ् द पर्वतियाज्, द हिल् फोक् फ्रम् द वेस्ट् बाइ हूज ह्यान्डज् मडअर्न् नेपाल् ह्याज् बीन् मोल्डइड् । दीज् फ्यू खस् सेटलड् इन् द भ्यालइ, पासइङ् ब्याक् यान्ड् फोर्थ् अन् देर् बिजनिस्, यान्ड् इन् द कोर्स् अफ् टाइम् सम् अफ् देम् बिकेम् मेन् अफ् इमपर्टअन्स् ।

याट् दि कोर्ट् अफ् किङ् हरि देव इन् ए. डी. ११००, वन् अफ् दीज् हाइल्यान्डरज् फ्रम् द वेस्ट्, अफ् द मगर् ट्राइब्, हेल्ड् यान् इमपर्टअन्ट् पजिशअन् । ही वज् अनवेलकम् टु सम् अफ् द नेटिभ्-बर्न् मिनइस्टरज् । दे इनट्रिग्ड् यान्ड् ही वज् डिसमिसड् । रेजइङ्, ही ट्रजड् अफ् वेस्टवर्डज् ओभर् द डिभाइड् टूवर्डज् हिज् होम् यान्ड् टु हिज् चीफ् याट् तानसिङ् । देर् ही पोर्ड् आउट् हिज् रङ्ज् यान्ड् स्पाइसड् देम् विथ् टेल्ज् अफ् द भ्यालइ, अफ् द गोल्ड् इन् द स्ट्रीट्ज् अफ् काठमान्डु, अफ् द ट्रेझअरज इन् द बजार्ज् यान्ड् अफ् द रीचइज् अफ् द ग्रेट् मरचन्ट् हाउसइज् । मकुन्द सेन्, द परबतिया, लर्ड् अफ् तानसिङ्, लिसनड् यान्ड् एनभिड् । ही लूक्ड् अबाउट् हिम् याट् हिज् स्प्रस् फार्मज् यान्ड् देन् डाउन् अन् द फार्मज् अफ् हिज् खस् यान्ड् मगर् वरइअर्ज् स्प्रिङ्कल्ड् स्पार्सलि, ह्वाइट् यान्ड् रेड्, अमङ् द लिटल् टेरअसड् फील्ड्ज् अफ् द स्टीप हिलसाइडज् इन् द ग्लिटअरइङ् माउनटेन् लाइट् । ही वेड् द चान्सइज् यान्ड्—डिसाइडइड् टु मार्च् । डिसमिसइङ् द सपलिअन्ट् विथ् प्रमिसइज, ही समअनड् हिज् मेन् । वन् फाइन् मरनिङ् ही लेड् देम् आउट् अन् टु द प्लेनज् हेडइङ् फर् द क्यापइटल् । अलार्मड्, हरि देव बीट् टु आर्म्ज् यान्ड् द टू फोर्सइज् मेट् अमङ् द राइसफील्डज् ।

बट् नथइङ् बिफोर् ह्याड् बीन् सीन् इन् नेपाल् लाइक् द डिसइप्लिन्ड् फेरसइटि यान्ड्

करइज् अफ् द छेत्री यान्ड् मगर् सोलजर्ज् अन्डर् देर् टेरिब्ल् चीफ् । द नेपालिज् आर्मिवज् डयासड् टु पीसइज् यान्ड् टेर् अर् यान्ड् कनफ्युजन् रोल्ड् थ्रू द थ्री सिटिज् ।

द इमपाइअस् कनकर्अर्ज् एग्ज्याकटइड डेडफूल् रेटरिब्यूशन्, कमिटइङ् ब्लड्इ अट्रसइटिज् स्म्याशइङ् यान्ड् डिसफिगरिङ् इमइजइज् अफ् द गड्ज् यान्ड् रिमूभइङ् सेक्रिड् रेलिक्स् टु देर् वोन् कनट्रि ।

द स्टरइ गोज् थ्याट मकुन्द सेन् अराइभ्ड् बिफोर् पाटन् याज् द प्रीस्ट्ज् वेर् अबाउट् टु सेलइब्रेट् द होलि फेसटिभल् अफ् मछेन्द्र नाथ् । द आउटरेजड् ब्राह्मनज् फ्लेड् । थ्याट् दिस्, द सर्पन्ट्-माउथड् फाउनटेन्ज् अबभ् द गड् स्पाउटइड् फाइन् जेटर्स् अपन् देर् आइडल् यान्ड् मकुन्द सेन, मारभलइङ्, कास्ट् ओभर् द इमेज द गोल्डन् चेन् फ्रम् अबाउट् हिज् हर्स् 'स् नेक् । गड् मछेन्द्र नाथ् कट् इट् यान्ड् वुन्ड् इट् अबाउट् हिज् वोन् नेके यान्ड्, इट् इज् सेड, इट् रिमेनज् टिल् दिस् डे ।

बट् द श्रइन् अफ् पसुपत्ति, इनडिग्न्याट् थ्याट् द हर्अरज् कमिटइड बाइ दीज् इनफिडल्ज सेन्ट् अपन् देम् द गड्एस् अफ् पेसटिलन्स, महामारी, यान्ड् विदिन् फोर्टिन् डेज् द रेमन्यान्टज् अफ् मकुन्द सेन्'ज् इनभिनसिब्ल् आर्मि ड्रिबल्ड्, स्ट्रिकन्, अवे फ्रम् द अकर्सिड् भ्यालइ । देर् लर्ड्, डिसगाइज्ड याज् यान् याङकराइट्, बेर्लि मेड् हिज् वे टु द हिल्ज, टु देवीघाट, ह्वेर् द स्त्रिम्स् तादी यान्ड् त्रिसुल रिभ्अर्ज् मीट् । देर् ही ले डाउन् यान्ड् डाइड् ।

दस् नेपाल् फर्स्ट् टेस्टइड् द फाइटइङ् क्वलइटिज् अफ् द हाइल्यान्डर्ज् अफ् द वेस्ट, फर् अ डेक्अड् य भ्यालइ वज् लेफ्ट् श्याटअर्ड, डेभअसटेटइड यान्ड् टर्न् बाइ जेलअसइज, फ्रम् दिस् स्टनइङ् भिजइटएसन् ।

द ठाकुर्ज् फ्रम् नवाकोट् देन् रि-एनटर्ड् द भ्यालइ, इज्इलि अस्युम्ड् द रेनज् अफ् गभ्अर्नमन्ट् यान्ड् रिसटर्ड् द डिसर्अलाइज्ड् याड्मिनइसटरेशन् ।...

[ वि. सं. २०१४ मा लन्डनबाट कन्स्टेबल यान्ड कम्पनी लिमिटेडद्वारा प्रकाशित फ्रान्सिस टुकरको गोर्खा द स्टरइ अफ् द गुरकज् अफ् नेपाल ( गोर्खा—नेपालका गोर्खालीहरूको कथा ) का १६-२१ पृष्ठबाट ]

[ दक्षिण भारतबाट आएका, रक्सौलबाट ६ कोस जति पूर्वपट्टि सिमरौन अर्थात् तिरहुतमा आफूलाई राजाको रूपमा प्रतिष्ठत गरिसकेका नन्ददेव भन्ने एकजना रजपूतले वि. सं. ११५४ मा नेपालखाल्डोमा हमला गरेर भादगाउँ लिएर र त्यहाँबाट अरू दुइवटा ठकुराइ पनि दखल गरेर ससाना

राजाहरूको यस गणलाई कमसेकम केही कालको लागि भए पनि खतम गरे। यसो भए तापनि, यसभन्दा बढी चाखलाग्दो र महत्त्वको कुरा पश्चिम पहाडबाट बसाइँ सरेका खस जातिका मानिसहरू यस बेलादेखि देखा पर्नु हो। यी मानिसहरूबारे हामीले सुन्न पाएको यो नै पहिलो पटक हो र एकजना साना ठकुरी सामन्तले नजीकैको नुवाकोटबाट अघि गरेको हमलाभन्दा बेग्लै, पर्वते भनिने पश्चिमका पहाडिया मानिसहरूसँग हाम्रो पहिलो पटक चिनजान हुन्छ। यिनै पर्वतेहरूका हातबाट आधुनिक नेपालको रूप गढ्ने काम भएको हो। यी केही खसहरूले आफ्नो कामको सिलसिलामा ओहरदोहर गर्दै नेपालखाल्डोमा बसोबास गरे र कालान्तरमा यिनीहरूमध्ये केही ठूला मानिस बने।

वि. सं. ११५७ मा राजा हरिदेवको दरबारमा पश्चिम पहाडबाट आएका यी पर्वतेहरूमध्ये एकजना मगर जातिको मानिस ठूलो दर्जामा थियो। त्यहाँका रैथाने केही मन्त्रीहरूलाई भने ऊ मन परेको थिएन। उनीहरूले कपट गरे र ऊ बर्खास्त गरियो। रिसाएर ऊ पश्चिमतिर जलविभाजन काटेर आफ्नो घरतर्फ फिरफिरिँदै गह्रौं पाइला गरेर गयो र तानसिङमा आफ्नो मालिककहाँ पुग्यो। उसले आफूलाई भएको अन्याय त्यहाँ खनायो र त्यसको साथै उसले नेपालखाल्डोको विषयमा काठमाडौंका सडकहरूमा देखिने सुनको विषयमा, बजारमा पाइने बिक्रीका सौदा र ठूला कोठीहरूको संपत्तिको विषयमा मसला लाएर सुनायो। तानसिङका पर्वते राजा मुकुन्द सेनले सबै कुरा सुने र उनलाई डाह लाग्यो। पहाडको चम्किलो उज्यालोमा उनले आफ्नो वरिपरि धूपीको जङ्गलतिर र अनि तल भिराला डाँडाहरूका खेतकाससाना कान्लाबीच सेता र राता आफ्ना खस मगर सिपाहीहरूका पातलिएर रहेका खेतपट्टि हेरे। उनले मौका विचार गरे र कूच गर्ने निधो गरे। त्यस निवेदकलाई प्रतिज्ञा गरेर बिदा गर्दै उनले आफ्ना मानिसहरूलाई बोलाए। कुनै दिन उनले यी मानिसहरूलाई मैदान हुँदै राजधानीतर्फ कमान गरे। सबेर हरिदेवले फौज जम्मा गरे र दुवैपट्टिका फौजको धानको खेतमा जम्काभेट भयो।

तर डरलाग्दा सेनापतिले हाँकिएका, तालीम पाएका छेत्री र मगर सिपाहीहरूको क्रूरता र साहस जस्तो कुरा नेपालमा यसअघि कहित्यै पनि देखिएको थिएन। नेपाली फौज तितरबितर भयो र तीनै शहरमा आतङ्क र गोलमाल फैलियो।

नृशंस अत्याचार गरेर, देवताका मूर्ति फोराफोर पारेर र विरूप पारेर, पवित्र अवशेषहरूलाई आफ्ना मुलुकतर्फ लगेर यी अधर्मी विजेताहरूले डरलाग्दो बदला लिए।

कथा यस्तो छ–पूजारीहरूले मछेन्द्रनाथको जात्रा गर्न लागेको बखत मुकुन्द सेन पाटन आइपुगे। अत्याचार गरिएका ब्राह्मणहरू भागे। यसै बखत ती देवतामाथि रहेको सर्पको मुखको आकार भएका फोहराबाट त्यस मूर्तिमाथि पानीका पचका छुट्यो र छक्क परी मुकुन्द सेनले आफ्नो घोडाको गला-

बाट सुनको सिक्री झिकेर मूर्तितिर हुर्‍याए। मछेन्द्रनाथ देवताले यो लिएर आफ्नै घाँटीमा बेरे। यो सुनको सिक्री अहिलेसम्म पनि छ भनी भनिन्छ।

तर यी नास्तिकहरूले गरेका क्रूरताले रिसाएका पशुपतिले उनीहरूउपर महामारी पारिदिए र चौध दिनभित्रै मुकुन्द सेनका अजेय सेनाको बचेखुचेको अंश दुःख पाएको नेपालखाल्डोबाट निस्कियो। उनीहरूका राजा संन्यासीको भेष लिएर पहाडतिर लागे र बेगिला तादी खोला र त्रिशूली नदीको दोभान देवीघाटतर्फ मुश्किलले पुगे। उनी त्यहाँ लम्पसार परे र मरे।

यसरी नेपालले पहिलो पटक पश्चिमका पहाडियाहरूको युद्धकौशलको जाँच गर्‍यो। आकुल-व्याकुल पार्ने यस दुर्विपाकबाट दश वर्षसम्म नेपालखाल्डो ध्वस्त र उजाड भयो र डाहले गर्दा टुक्राटुक्रा भएर रह्यो।

पछि नुवाकोटका ठकुरीहरू नेपालखाल्डोमा फेरि पसे, उनीहरूले सजिलैसित शासनको बागडोर लिए र आचारभ्रष्ट शासनव्यवस्थालाई साबिक हालतमा ल्याए।]

१४. लूच्यानो पेतेक

अभयमल्ल (१२१६–१२५५)॥

अरिमल्ल'ज सन यान्ड् सक्सेसर् अभयमल्ल सीम्ज टु ह्याभ् असेन्डइड् द थ्रोन् विद्‌आउट डिफ्इकल्टि। ही इन्जइड् ए लङ् रुल्, यान्ड् २० डकुमन्टस् अफ् हिज् रेन् आर् एक्सटयान्ट्...

हिज् रेन् सीम्ज् टु ह्याभ् बीन् नट् विद्‌आउट् च्यालइन्ज् याट् फर्स्ट्, बिकज् अफ् द फलओ-इङ् डकुमन्ट्:

म्यानुस्क्रिप्ट् विद्यावली, ब्रिटइश् म्युजीअम् अर्. २२०८। कलओफोन्: परमभट्टारक-महाराजाधिराज-परमेश्वर-श्रीमद्-रणशूरदेवस्य प्रवर्द्धमान-विजयराज्ये पत्राङ्के नापि संम्वत् ३४२ मार्ग वदि २ वतेश्वरेण लेखिता। लिखिता च कायस्थ-लेखक-महादेवेनेति॥...

दिस् रणशूर इज् अननोन् फ्रम् एनइ अदर् सोर्स् यान्ड् मे ह्याभ् बीन् ए क्लेम्यान्ट् टु द थ्रोन् अफ् नेपाल, अन्लेस् वी प्रिफर् टु सी इन् हिम् वन् अफ् द लेसर् राजज् अफ् द वेसटर्न् हिल्ज्।

आफ्टर् दिस्, अभयमल्ल'ज् रूल् सीम्ज् टु ह्याभ् बीन् फेर्लि सिक्यूर; बट् इट् वज् नट् प्रसपरस्। दि इन्भेजन् अफ मुकुन्दसेन प्रबअब्लि टुक् प्लेस् डयूरङ् हिज् रेन्...

द सकसेसअर्ज् अफ नान्यदेव।

नान्यदेव'ज् डिसेन्ड्यान्टस् कनटिन्युड् टु रूल् इन् तिरहुत्।...

... नान्यदेव'ज् सन् वज् गङ्गदेव अर् गाङ्गदेव।...

ही लिभ्ड् इन् शक १०७६, आई. ई., ए. डी. ११५४।

ही वज् फल्ओड् बाइ नरसिंह अर् नृसिंह ... ही वज् फल्ओड् इन् हिज् टर्न् बाइ रामसिंह... दोज् रूजर्ज् मेनटेन्ड् सम् कनेकशन् विथ् नेपाल, बिकज् देर् नेम्ज् अपीर् इन् दि अर्लि बंशावलीज्। द फर्स्ट् एनट्रि इज् याज् फल्ओज: सम्वत् ३०३ चैत्र-शुक्ल १३,,श्रीनरसिंहदेवस्य पुत्र रामसिंह-देवस जात; थ्वो थाकुर; आई. ई., अन् मार्च् ८थ, ११८३, रामसिंहदेव, द सन् अफ् नरसिंहदेव, वज् बर्न्; ही वज् ए रूलर[१])। द् सेक्अन्ड् एनट्रि मेन्शन्ज् अन्डर् द डेट् अफ् ३६४ ज्येष्ठ कृष्ण प्रतिपद् (= मे २४ थ, १२४४) द नेम् अफ् अफु रामसिंह राजा, इन् यान् अब्स्क्युर् कनटेक्स्ट् कनसर्न इङ् फाउनडेशन्ज् यान्ड् रेलिज्अस् सेर्इमनिज्[१])।

ए पिक्यूलिअर् क्रोनलजइक्ल् एलइमन्ट् इज् गिभन् बाइ ए वंशावली इन् स्यान्स्क्रिट् भर्स, अफ् ह्विच् ए फोटग्याफ् इज् इन् पजेशअन् अफ् प्रफेसअर् तुच्ची (भीटी)। फर्स्ट् अफ् अल, इट् गिभ्ज् द लिस्ट् याज् इन् मडअर्न् क्रनइकलज् डाउन् टु रामसिंह, बट् स्टप्स् विथ् हिम्। देन् इट् रिलेटस् हाउ रामसिंह वज् डिथ्रोन्ड् बाइ मुकुन्दसेन, ए किङ् अफ् पाल्पा इन् वेसटर्न् नेपाल, हू इनभेड इड् याण्ड् लूटइड् द भ्यालइ, बट् इनकर्ड देर् बाइ द रथ अफ् पशुपति; हिज् आर्मि वज् डिसट्रइड् बाइ ए पेसटिलन्स् यान्ड् ही हिमसेल्फ् डाइड् अन् द फ्लाइट[१])। मुकुन्दसेन इज् दस् डेटइट् इन् द क्रनिक्ल: द्विराम-शुन्येन्दु १०३२ सुशाके महीधृ-षड्-रुद्र मिते ११६७ सम्वत्। सोमेन्दु-चतुर्-युग ४२११ मान वर्षे कले तदाभून्नृपतिर्-मुकुन्द:[२])। दीज् डेट्सवुड् करइसपन्ड् टु १११० ए. डी; बट् दिस् इज् इमपसइब्ल्, बिकज् दे वुड् फाल् इन् द टाइम् अफ् नान्यदेव यान्ड् नट् अफ् हिज् ग्रेट्-ग्रयान्डसन्। आइ थिङ्क् देरफोर् ग्राट् द् भर्स् इज् ए रफ् रीकनस्ट्रकशन् (लाइक् सो मेनइ अद् अर्ज्), यान्ड् ग्राट् द् ओनलि अरिजइनल् यान्ड् ट्रु एलइमन्ट् इन् इट् इज् द यर् ११६७, ह्विच् मस्ट् बी रिफर्ड् टु द शाक ईरअ यान्ड् नट् टु द विक्रम, ह्विच् वज् नट् देन् इम्प्लइड् इन् नेपाल् यान्ड् बिरहुत्। द् डेट् वुड् बी १२४५ ए. डी.। नाउ, वी नो फ्रम् ए वंशावली अफ् बाग्लुङ् ग्राट् मणि मुकुन्द, प्रबअब्लि आइडेनटिकल् विथ् आउर् मुकुन्दसेन, वज् ए रूलर् अफ् पाल्पा यान्ड् द मटर्नल् ग्र्यान्डफादर् अफ् जितारि अफ् दुल्लु[३])। जितारि लिभ्ड् इन् १२८८-१२९०; यान्ड् हिज् ग्र्यान्डफादर् विलङ्ज् टु द मिडल् अफ् द १३ थ् सेनचुरइ, ह्विज् एग्रीज् क्वाइट् वेल् विथ् द डेट् अराइभ्ड् याट् अबभ् बाइ अनदअर् वे। यान्ड् बोथ् इन् देर् टर्न् एग्री विथ् द् डेट् अफ् रामसिंह इन् भी[३]। दस् आइ अडमिट् माइ करेक्शन् अफ् भीटी टु बी जसटिफाइड् यान्ड् वुड् प्रपोज् टु गिभ् द क्रोनलअजि अफ् द फर्स्ट् फोर् किङ्ज् अफ् द कर्णाट डिन्यासटि याज् फल्ओज:

...नान्यदेव सी. १०९७–११४५
गङ्गदेव सी. ११४५–११७५
नरसिंह सी. ११७५–१२०५
रामसिंह[4]) । सी. १२०५–१२४५

...द टेल अफ् मुकुन्दसेन, इन् ह्विच् ए हिसटरिकल् करनल इज ओभरलोड् विथ् लेजअन्ड् नीरलि आउट् अफ् अल् रेकग्निशन, रिफर्ज टु सम् इनरोड फ्रम् वेसटर्न नेपाल, फ्रम् ह्विच् द तिरहुत रूलर्ज वेर द चीफ सफअरर्ज । यान्ड् दिस् इज अल् ह्वाट् क्यान् बी सेड् अबाउट् दिस् पोर्शन् अफ् दि मडअर्न् वंशावलीज् ।

२) भी[2], एफ्. ३५ ए । द टर्म् थाकुर इज् एम्प्लइड् इन् द नेवारी पोर्शन्ज् अफ् लेटअर् मल्ल इन्स्क्रिप्शन्ज् यान्ड् डक्युमन्टस् (युसुअलि इन् द लास्ट् प्लेस्, आफ्टर् द नेम) विथ् द मीनइङ् अफ् सभरिन्, रूलर् ।

३) भी[3], एफ्. ३६ बी ।

१) द सेम् स्टरि इज् टोल्ड् इन् राइट्, पीपी. १७०–१७२ । बट् हीर् दि ईभेन्ट् इज् रिफर्ड् टु द टाइम्ज् अफ् हरिदेव, ह्विच् इज् क्रोनलजिकलि इम्पसइब्ल् ।

२) भीटी, आवली ३, भी. १३० ।

३) सी जी. तुच्ची, प्रिलिमिनरि रिपर्ट् अन् टू सायन्टिफ़िक् एक्सपिडिशअन्ज् इन् नेपाल्, रोम् १९५६, पी. १२१ ।

४) रामसिंह इनजइड् ए भेरि लङ् रेन अकर्डइङ् टु अल् ट्रेडिशअन्ज्: ५८, ८६, ६२, ६२ यर्ज, आर्. के. चौधरी, द कर्णाट्स् अफ् मिथिला, पी. ६३ ।

[वि. सं. २०१५ मा रोमबाट इसतित्युतो इतालिआनो पर् इल् मेदियो एद् एसत्रेमो ओरियन्त्-द्वारा प्रकाशित लूच्यानो पेतेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (सी.) ७५०–१४८० [नेपालको मध्यकालको (अन्दाजि वि. सं. ८०७–१५३७ को) इतिहास] का ८५, ८९-९०, १९१, १९२, १९३–१९४, १९६ पृष्ठबाट]

## [ अभय मल्ल ( वि. सं. १२७३–१३१२)

अरि मल्लका छोरा र उत्तराधिकारी अभय मल्लले विनाकष्ट गादी चढेको देखिन्छ । लामो समयसम्म उनको राज्य रह्यो र उनको पालाका २० वटा लिखत पाइन्छन् ।

तलको लिखतले गर्दा पहिले उनको शासन हाँकविनाको नभएको देखिन्छ–

ब्रिटिश म्यूजियमको २२०८ सङ्ख्यामा रहेको विद्यावलीको लेखोट पुस्तकको पुष्पिका– परमभट्टारकमहाराजाधिराजपरमेश्वरश्रीमद्रणशूरदेवस्य प्रवर्द्धमानविजयराज्ये पत्राङ्केनापि सम्वत् ३४२ मार्गबदि २ वतेश्वरेण लेखिता। लिखिता च कायस्थलेखकमहादेवेनेति।

यी रणशूर अरू कुनै साधनबाट थाहा पाइँदैनन् र यिनलाई पश्चिमी पहाडका रजौटामध्ये एक भनी हामीले नसम्झने हो भने यिनी नेपालको गद्दीका दावेदार हुन सक्छन्।

यसपछि अभय मल्लको शासन बिलकुलै ढुक्क भएको देखिन्छ, यो सम्पन्न भने भएन। मुकुन्द सेनको हमला सम्भवतः यिनको पालामा भयो।

## नान्यदेवका उत्तराधिकारीहरू

नान्यदेवका सन्तानहरूले तिरहुतमा राज्य गरी नै रहे।

नान्यदेवका छोरा गङ्गदेव वा गाङ्गदेव थिए। यिनी शकसंवत् १०७६ (वि. सं. १२११) मा थिए। उनीपछि नृसिंह वा नरसिंह भए, उनीपछि रामसिंह भए। यी शासकहरूले नेपालसँग केही सम्बन्ध कायम राखेका थिए, किनभने यिनीहरूका नाउँ पुराना वंशावलीहरूमा देखिन्छन्। पहिलो दर्ता तल लेखिएबमोजिमको छ– सम्वत् ३०३ चैत्रशुक्ल १३ श्रीनरसिंहदेवस्य पुत्र श्रीरामसिंहदेवस्य जात, थ्वो ठाकुर अर्थात् वि. सं. १२३६ चैतशुक्ल त्रयोदशीमा नरसिंहदेवका छोरा रामसिंहदेव जन्मे, यिनी शासक थिए।[१] दोस्रो दर्तामा गुठी र धार्मिक उत्सवसम्बन्धी अस्पष्ट सन्दर्भमा ने. सं. ३६४ ज्येष्ठकृष्णप्रतिपद्मा अफु रामसिंह राजाको नाउँको उल्लेख गरिएको छ।[१]

समयक्रमसम्बन्धी एउटा उदेकको कुरा संस्कृतमा पद्यमा लेखिएको वंशावलीमा दिइएको छ। यस वंशावलीको तसवीर प्राध्यापक तुच्चीसँग छ। सबैभन्दा पहिले, यहाँ आधुनिक वंशावलीहरूमा जस्तै रामसिंहसम्मको सूची दिइएको छ, तर यो सूची उनीसँगै थामिन्छ। त्यसपछि नेपालखाल्डोमा हमला गरी लुट्ने, पश्चिम नेपालको पाल्पाका राजा मुकुन्द सेनले कसरी रामसिंहलाई गादीबाट झारे, तर त्यसबाट उनीउपर पशुपतिको कोप भयो, उनको फौज महामारीले नष्ट भयो र उनी आफैँ पनि भाग्दाखेरि मरे भनी यहाँ बताइएको छ।[१] त्यस वंशावलीमा मुकुन्द सेनको समय यसरी दिइएको छ– द्विरामशून्येन्दु १०३२ सुशाके महीध्रषट्रुद्रमिते ११६७ सम्वत्। सोमेन्दुचत्तुर्युग- ४२११ मानवर्षे कले तदाभूप्रतिर्मकुन्दः।[२] यी मिति (वि. सं. ११६७ हुन्छन्; तर यो असम्भव हो, किनभने यो समय नान्यदेवको पालामा हुन्छ, उनको पनातिको पालामा हुन सक्तैन। यस कारण यो श्लोक (अरू धेरै जस्तै) अशुद्ध छ र यहाँ एक मात्र मूल र सत्य कुरा संवत् ११६७

छ । यो शकसंवत्लाई भनेको हुनुपर्छ, नेपाल र तिरहुतमा त्यस बेला नचलेको विक्रमसंवत्लाई भनेको हुनुपर्दैन । यो वि. सं. १३०२ हुन्छ । मणिमुकुन्द पाल्पाका शासक थिए र उनी दुल्लुका जितारिका मावली बाजे थिए भन्ने कुरा हामीलाई बागलुङको वंशावलीबाट अहिले थाहा भएको छ ।[१] यी मणिमुकुन्द र हाम्रा मुकुन्दसेन सम्भवतः उही हुन् । जितारि वि. सं. १३४५-१३४७ मा थिए र यसरी उनका बाजे चौधौँ शताब्दीको उठानमा हुन्छन् । माथि अर्को लबरबाट आएको मितिसँग यो राम्रै मिल्छ । यी दुवै मिति गोपालराजवंशावलीमा भएको रामसिंहको मितिसँग मिल्छन् । यस कारण तुच्चीको वंशावलीको मैले गरेको संशोधन उचित छ भन्ने कुरा म मान्छु र कर्णाटवंशका पहिला चार राजाको समय दिन्छु--

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नान्यदेव | अन्दाजि | वि. सं. | ११५४ | – | वि. सं. | १२०२ |
| गङ्गदेव | अन्दाजि | वि. सं. | १२०२ | – | वि. सं. | १२३२ |
| नरसिंह | अन्दाजि | वि. सं. | १२३२ | – | वि. सं. | १२६२ |
| रामसिंह | अन्दाजि | वि. सं. | १२६२ | – | वि. सं. | १३०२ |

इतिहाससम्बन्धी चूरो कुरो झण्डै झण्डै पूरै नचिनिने गरी उपाख्यानले ढाकिएको मुकुन्द सेनको कथाले पश्चिम नेपालबाट भएको कुनै हमलाको, त्यसबाट मुख्य दुःख पाउने तिरहुतका शासकहरू भएको कुराको सूचना दिन्छ अन्तमा आधुनिक वंशावलीहरूको यस अंशको विषयमा भन्न सकिने कुरा यही नै हो ।

२. गोपालराजवंशावली ३५ क पत्र । ठाकुर भन्ने शब्द स्वतन्त्र शासक भन्ने अर्थमा पछिल्ला मल्लअभिलेख र लिखतहरूका नेवारी भागमा (अक्सर गरी नाउँको पछिल्तिर सबभन्दा पछाडि) प्रयोग गरिएको छ ।

३. गोपालराजवंशावली ३६ ख पत्र

१. यही कथा राइटको वंशावलीका १७०-१७२ पृष्ठमा छ । तर यहाँ यो घटना हरिदेवको समयको भनी भनिएको छ, यो कालक्रमअनुसार असम्भव छ ।

२. तुच्चीको वंशावली ३ आवली, १३० पद्य

३. रोमबाट वि. सं २०१३ मा छापिएको ज्यूजेप्पे तुच्चीको प्रिलिमइनरि रिपर्ट् अन् टू सायन्टिफइक् एक्स्पिडिशअन्ज् इन् नेपाल् (नेपालमा दुइ पटक विधिपूर्वक गरिएका अनुसन्धानात्मक भ्रमण-बारेको उठानका बयान) को १२१ पृ.

४. सबै परम्पराअनुसार रामसिंहले ज्यादै लामो समयसम्म ५८, ८६, ६२, ६२ वर्षसम्म राज्य गरे । आर. के. चौधरीको द कर्णाटस् अफ् मिथिला (मिथिलाका कर्णाटहरू) को ६३ पृ.

## १५. ढुण्डिराज भण्डारी

आनन्दमल्ल (अनन्तमल्ल)[२]

अभय मल्लका कान्छा छोरा आनन्द मल्ल आफ्ना दाजू जयदेव मल्लको समानान्तर भादगाऊँका राजा बनेका थिये। राइट-वंशावलीमा यिनको शासन-काल २५ वर्ष लेखिएको छ। यिनको शासन-काल तेह्रौँ शताब्दीको मध्य वा उत्तरार्ध देखिन्छ।...

राइट–वंशावलीअनुसार यिनको शासन–कालमा पाल्पाका मकुन्दसेनले पश्चिम तर्फबाट नेपाल–माथि आक्रमण गरेका थिए। मकुन्दसेनको आक्रमणको सम्बन्धमा विभिन्न विद्वानहरूले विभिन्न रूपबाट अनुमान गरेका छन्। तर नेपालका इतिहास–शिरोमणि स्व० बाबूराम आचार्यज्यूले सबै विद्वानहरूको अनुमानलाई निर्मूल पार्दै मकुन्दसेनको आक्रमणलाई नै कपोलकल्पित ठहराउनु भएको छ।

२ प्रो० लेवीले आनन्द मल्ल र अनन्त मल्ललाई यौटै व्यक्ति भएको विश्वास प्रकट गरेका छन्।

(वि. सं २०१५ मा वाराणसीबाट कृष्णकुमारीद्वारा प्रकाशित ढुण्डिराज भण्डारीको नेपालको ऐतिहासिक विवेचनाका ७६,८० पृ.)

## १६. पारसमणि प्रधान

...राइट साहेबको नेपालको इतिहास'–मा... पाल्पाका मुकुन्द सेनका पालामा भएका खस र मगर जातिको वर्णन तल दिए बमोजिम पाइन्छ––

"राजा हरिदेवको राजत्वकालमा पाटनका जनता र सेनाले विद्रोह गरे। यस विद्रोहमा राजा, उनका मन्त्रीमण्डल र काठमाडौंका सेना समेत हारे। विजयी जनता र सेनाले थमबहालसम्म राजाको पीछा गरे। तिनताक उक्त राजाका चाकरीमा एउटा मगर पनि थियो। त्यसको जागिर मन्त्रीहरूले खोसिदिएको हुनाले त्यो आफ्नो मुलुकमा फर्क्यो। त्यहाँ त्यसले नेपालका सुनका धारा र सुनका छानाको कुरा गरेर नेपालको सकेसम्म प्रशंसा गर्‍यो। यस्तो प्रशंसा सुनेर पश्चिम नेपालबाट वीर र शक्तिशाली राजा मुकुन्दसेन अनेक घोडचढी सेना लिएर नेपाल हान्न आए। यो चढाइमा रामसिंह देवका पुत्र राजा हरिदेव हारे। नेपाली सेना कोही मारिए, कोही भागे। यिनै राजा मुकुन्दसेनसित उनका खस र मगर जातिका मानिसहरू (नेपाल हान्न) आएका थिए।".

इतिहास शिरोमणि बाबुराम आचार्यको भनाइ अनुसार पाल्पाका राजा मुकुन्दसेनको शासनकाल सन् १५१८ ई० देखि १५५३ ई० सम्म रहेको हुनुपर्छ।...

(वि. सं. २०१७ मा कालिम्पोङबाट पी० एम० प्रधान एण्ड सन्सद्वारा प्रकाशित पारसमणि

प्रधानको नेपाली भाषाको उत्पत्ति र विकासको पहिलो संस्करणका २१–२२ पृ., वि.सं. २०२६ मा प्रकाशित दोस्रो संस्करणका २१–२२ पृ.)

१७. डिल्लीरमण रेग्मी (वि. सं. २०१८, २०३२)

मुकुन्द सेन, रुलर् अफ् पाल्पा, इज् मेनशन्ड् इन् द नेपालिज् क्रनइक्ल् टु ह्याभ् इन्भेडइड् पाटन् इन् द १४ थ् सेनचुरइ विथ् ए लार्ज् कनटिनजन्ट् अफ् मगरज् । हिज् आइडेन्टिटि इज् नट् इसट्याब्लिश्ड् विथ् रेफरन्स् टु द पाल्पा क्रनइक्ल् ।

[वि. सं. २०१८ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मडअर्न् नेपाल् (आधुनिक नेपाल) को २७ पृ.]

[पाल्पाका राजा मुकुन्द सेनले विक्रमको चौधौँ शताब्दीमा ठूलो मगर सैन्यसाथ पाटनमा हमला गरे भनी नेपाली वंशावलीमा उल्लेख गरिएको छ । पाल्पाली वंशावलीको सन्दर्भमा यिनको परिचय भने पाउन सकिएको छैन ।]

मुकुन्द सेन, रुलर् अफ् पाल्पा, इज् मेनशन्ड् इन् द नेपालिज् क्रनइक्ल् टु ह्याभ् इनभेडइड् पाटन् इन् द १४थ् सेनचुरइ विथ् ए लार्ज् कनटिनजन्ट् अफ् मगरज् । हिज् आइडेनटिटि इज् नट् इसट्याब्लिश्ड् विथ् रेफरन्स् टु द पाल्पा क्रनइक्ल् । बट् अर्कडइङ् टु भवदत्त'ज् जेनइयालअजि ही वज् १२ थ् अन् द लाइन् अफ् द इमइग्रन्ट् डिन्यासटि ।

[वि. सं २०३२ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मडअर्न् नेपाल् (आधुनिक नेपाल) को १ भागको ५८ पृ.]

[पाल्पाका राजा मुकुन्द सेनले विक्रमको चौधौँ शताब्दीमा ठूलो मगर सैन्यसाथ पाटनमा हमला गरे भनी नेपाली वंशावलीमा उल्लेख गरिएको छ । पाल्पाली वंशावलीको सन्दर्भमा यिनको परिचय भने पाउन सकिएको छैन। तर भवदत्तको वंशावली अनुसार यिनी बसाइँ सरी आउने राजवंशका बाह्रौँ पुस्तामा थिए।

१८. लीलाभक्त मुनंकमी (वि. सं. २०२१,२०२५)

अनन्त मल्ल

यी राजाका पालामा एक ज्योतिषीले यस मुहुर्तमा चखुँतीर्थमा सुन बगाई ल्याउने थाहा पाएर राजा अनन्त मल्ललाई बिन्ती चढाउन गएका थिए। यी राजाले उनिनबाट एक शुद्रलाई खर्पन दिई बालुवा लिन पठाएको थिए। सो शुद्रबाट उक्त सुनको बालुवा बोकेर ल्याएको थाहा पाई भरियालाई फकाई लोभ देखाई केही दाम दीई कान्तीपुरका एक व्यापारी साखवल भन्ने एक व्यक्तिले आफ्नो घरमा

खन्याउन लगाई अरू बालुवा लिन पठाएर राजा कहाँ नै राख्न पठाएको थियो। तर उक्त बालुवा सुन नभएको देखिराजाले त्यस ज्योतिषीलाई भुट्टा ज्योतिषी भनि गाली गर्दा शास्त्रमा बडो मेहनत साथ कोसिस गरी हेरेर पता लगाएर खर्पन नै जाँच गर्न गएका थिए। आखिर खर्पनमा सुन तासी रहेको जाहेर गर्दा राजाबाट उक्त शुद्रलाई कारकेर गरे पछि पट्टा लगायो। आखिर राजाले त्यस सुद्रलाई दण्ड गरी दिए पछि साख्वालले सुनको आधारमा सबै दुनियाको ऋण चुक्ता गरी सम्बत फेरि दियो। यसरी नेपाल सम्बत् फेरि सके पछि त्यख साख्वालले आफ्नो घरको नजिक एक चैत्य स्थापना गरी पशुपतिनाथका आफ्नो मूर्ति दक्षिण ढोकामा राखि दिएका थिए।

नोट:- यी राजालाई कुनै कुनै इतिहासमा आनन्द मल्ल पनि लेखेको छ।

## आनन्द मल्ल

बाबुको शेष पछि आनन्द मल्लले काठमाण्डू देखि लगभग ३, ४ कोश पूर्व अघि ग्राम भैरहेको ठाउँलाई ठूलो गराई भादगाउ शहर (भक्त ग्राम) बसालेको थियो, यिनै राजालाई कुनै कुनै इतिहासले अनन्त मल्ल नै हुन भनि लेखेको थियो यी राजा ज्ञानी र पुरूषार्थी थिए।...

यी राजाका पालामा पश्चिम बुटवल शहरबाट मुकुण्डसिंहले धेरै फौज लिई लडाई गरी शहरका देवलहरू इत्यादि भटकाई लुटमार मचाई रोपि राखेका धान मुला काटेर खाडलमा पुऱ्याई यत्रतत्र पारी कुहाई दिएका थिए। यस्मा पशुपति नाथ र महा मायादेवी कोप भै प्रकट भै उक्त दुष्टहरूको फौज लस्कर सबैलाई यमलोक पठाईदिएका थिए। मुकुण्डसिंह मात्र संन्यासी भेष गरी बुटवल नै फर्केका थिए। त्यस वेला देखि नेपालमा हकुवा चावल र गुंद्र सिंकी भन्ने चलनमा आएको वंशावलीमा पाइन्छ।

(वि. सं. २०२१ मा भक्तपुरबाट लीला बुद्धद्वारा प्रकाशित लीलाभक्त मुनंकर्मीको भक्तपुरको मल्ल कालिन सरल इतिहासका ४-७ पृ.)

## १६. आर. जी. लिओनार्ड

इन् द फोर्टिन्थ् सेनचुरइ ए कर्नाटकी डिन्यासटि वज् इन् पाउअर्। दिस् इज् रिप्यूट इड् टु ह्याभ् कम् फ्रम् मालाबार, द मडअर्न् कर्नाटिक, यान्ड् टु ह्याभ् कलअनाइज्ड् पार्ट् अफ् द भ्यालइ विथ् इट्स् आर्मि फ्रम् द नैर् कन्ट्रि। इट् इज् फ्रम् देस् ह्याट् द नेवार्ज् समटाइम्ज् क्लेम् डिसेन्ट्; बट् इट् इज् मच मोर् लाइकलि ह्याट् दे वेर् इन् एगजिसटेन्स् इन द भ्यालइ सेन्चुरइज् अर्लिअर्। द लास्ट् कर्नाटकी किङ्, हरि देव, वज् ओभरथ्रोन् बाइ ए पाउ-

अरफुल् मगर् किङ् फ्रम् द वेस्ट्, मकुन्द सेन, हूज् कल्यान् नेम् शूड् नट् बी कनफ्यूज्ड् विथ् द ठाकुर् कल्यान् अफ् सेन्। मकुन्द सेन् दस् ब्रट् टु हिस्टरि द फर्स्ट् मेन्शन् अफ् द मगर् ट्राइब् ।

द स्टोरइ गोज् द्याट् ए मगर् हू ह्याड् यान् अपइन्टमेन्ट् याट् द कोर्ट् अफ् नेपाल् बज् डिस्मिस्ड् भाइ द म्याकिनेशन्ज् अफ् सम् अफ् द मिनइस्टर्ज् । अन् हिज् रिटर्न् टु पाल्पा ही स्प्रेड् द इन्फरमेशन्, लाइक् द स्टोरइ इन् द माउन्टिन्ज् अफ् मोर्न, द्याट् द स्ट्रीट्ज् अफ् काठमान्डू वेर् पेभ्ड् विथ् गोल्ड्। अन् हिरइङ् दिस् द मगर् किङ्, मकुन्द सेन, 'ए पाउअरफुल् यान्ड् भ्यालयन्ट् पोटनटेट्,' लेड् हिज् मगर् आरमि, इन् ह्विच् वेर् अलसो ए गुड् नमबर् अफ् छेत्रीज, टु दि अटयाक् । मेनइ अफ् द नेपालिज् ट्रुप्ज् वेर् स्लेन् यान्ड् मेनइ फ्लेड् । द इन्भेडअर्ज् डेसइक्रेटइड् द टेम्पल्ज् अफ् द गड्ज्, रिमूभइङ् द भैरव् इन् फ्रन्ट् अफ् द टेम्प्ल् अफ् मछेन्द्र नाथ् टु देर् ओन् कन्ट्रि ह्वेर, टु दिस् डे, अन् अन् ए हिल्-टप् टु द वेस्ट् अफ् तानसिङ्, स्टयान्डज् द स्मल् टाउनशिप् अफ् भैरबथान् । लेजअन्ड् स्टेटस् द्याट् ह्वेन् द इनभेडअर्ज् रीच्ड् पाटन् द फेसटिभल् अफ् मछेन्द्र नाथ् वज् बीइङ् अबजर्भ्ड् यान्ड् द्याट् द प्रीस्टस् फ्लेड् अन् सीइङ् द कङ्करर्ज् लिभइङ् देर् गड् अब्यानडन्ड् । याट् दिस् मोमन्ट् द फाइभ् नाग्ज्, अर् कोब्रज्, फर्मइङ् द गिल्ट् क्यानअपि ओभर् द गड्, ज् हेड्, स्पाउटइड् आउट् फाइभ् जेटस् अफ् वाटर् । सीइङ् दिस् मकुन्द सेन् इज् रिपोर्टइड् टु ह्याभ् रिमूभ्ड् द गोल्ड् चेन् अडरनिङ् हिज् हर्स्'ज् नेक् यान्ड् टु ह्याभ् कास्ट् इट् ओभर् द इमइज, ह्वेरअपन् मछेन्द्र टुक् इट् यान्ड् अडजस्टइड् इट् अराउन्ड् हिज् ओन् नेक् ह्वेर् इट् ह्याज् रिमेन्ड् एभअर् सिन्स् । द भिक्टरइअस् आरमि इज् सेड् टु ह्याभ् कमिटइड् सच् हररइब्ल् अट्रसइटिज् द्याट् द गडएस् अफ् पेसटिलन्स् भिजइटइड् हर् रथ् अन् देम् । इट् इज् मोर् द्यान् प्रबअब्ल् द्याट् सम् भिरयुलन्ट् एपइडेमइक् वज् कज्ड् बाइ द कर्प्सइज् अफ् द स्लेन् । ह्वटएभअर् इट् वज्, द भिक्टर्ज् वेर् फोर्स्ड् फर् देर् ओन् सेफ्टि टु विथड्रू फ्रम् द एरइअ टु नवाकोट् भ्यालइ इन् ह्वट् इज् नाउ नम्बर् १ वेस्ट् । देर् देर् लीडअर् हिमसेल्फ् कनट्र्याक्टइड् द डिजीज् यान्ड् डाइड् । नो सकसेसअर् केम् फरवर्ड् यान्ड् इट् अपीर्ज् लाइकलि द्याट् हिज् आरमि रिटर्न्ड् टु पाल्पा बीरइङ् देर् लुट्; फर् कम्प्लीट् यानअरकि रेन्ड् इन् द भ्यालइ फर् द नेक्स्ट् सेभन् अर् एट् यर्ज् । द बैश्य ठाकुर्ज् अफ् नवाकोट् देन् रिगेन्ड् आउअर् ...

दे फर्स्ट् केम् इनटु प्रमइनेन्स् अबाउट् द यर् यर् ए. डी. ११०० ह्वेन् मकुन्द सेन्, द मगर् किङ् अफ् पाल्पा यान्ड् बटोली, इनभेडइड् यान्ड् कङ्कर्ड् द नेपाल् भ्यालइ, कमिटइङ् टेर् अब्ल् अट्रसइटिज् देर् डयूरङ् द रेन् अफ् हरि देव, द किङ् अफ् द भ्यालइ।

[वि. सं २०२२ मा लन्डनबाट हर् म्याज् इसटि,ज् स्टेशनरि अफइसद्वारा प्रकाशित आर. जी. लिओनार्डको नेपाल् यान्ड् द गुर्कज् (नेपाल र गोरखालीहरू) का १८–१६, ६३ पृष्ठबाट]

[चौधौँ शताब्दीमा कर्णाटकवंशको राज्य थियो। यो वंश मालाबार अर्थात् आजभोलिको कर्णाटकबाट आएको र यसले नायर देशबाट ल्याइएको आफ्नो सेनालाई नेपालखाल्डोको एक खण्डमा बसाएको थियो भनी भनिन्छ। नेवारहरू आफूलाई यिनीहरू सन्तान हौँ भनी कहिलेकहीँ दाबी गर्ने गर्छन्. तर नेवारहरू नेपालखाल्डोमा यसभन्दा सयौँ वर्ष अगाडिदेखि रहिरहेको हुनु धेरै सम्भव छ। पछिल्ला कर्णाटक राजा हरिदेवलाई पश्चिमबाट आएका शक्तिशाली मगर राजा मुकुन्द सेनले हटाए। मुकुन्द सेनको थर सेन देखेँसा ठाकुर सेन भनेर यिनलाई सम्झनु हुँदैन। यसरी मुकुन्द सेनले मगर जातिलाई इतिहासमा पहिलो पटक चर्चामा ल्याए।

नेपालको दरबारमा जागीरे एक जना मगर केही मन्त्रीहरूको जालझेलले खोसियो भन्ने कथा छ। पाल्पा फर्केर उसले सोर्नका पहाड भन्ने कथामा जस्तै, काठमाडौँका सडकमा सुन छापेको छ भन्ने हल्ला गर्‍यो। यो सुनेर शक्तिशाली र वीर मगर राजा मुकुन्द सेन प्रशस्त क्षेत्रीहरू भएको आफ्नो मगर सेनालाई लिएर हमला गर्न भनी हिँडे। नेपाली सिपाहीहरूमध्ये धेरै काटिए र भागे। मछेन्द्रनाथको मन्दिरको अगाडिको भैरवलाई उठाएर आफ्नो देशमा लगी हमलावरहरूले मन्दिर-हरूलाई अपवित्र पारे। तानसेनको पश्चिमपट्टि डाँडाको टुप्पामा अहिलेसम्म पनि भैरवथान भन्ने सानो बस्ती छँदैछ। हमलावरहरू पाटन पुग्दा मछिन्द्रनाथको जात्रा चलिरहेको थियो र विजेताहरू-लाई देखेर देवतालाई त्यसै छोडी पुजारीहरूले भागाभाग गरे भन्ने कथा छ। मछिन्द्रनाथको शिरमाथि सुनको जलफ लाएको चँदुवामा रहेका पाँचवटा नागले यस बेला पानीका फोहरा छोडे। यो देखेर मुकुन्द सेनले आफ्नो घोडाको घाँटीको शोभा बढाइरहेको सुनको सिक्री घोडाको घाँटीबाट झिकी मछिन्द्रनाथको मूर्तिमा डुत्याए, अनि मछेन्द्रले यो लिए र आफ्नो घाँटीमा लाए, यो सिक्री त्यस वेलादेखि त्यहीँ रहिरहेको छ भनेर भनिन्छ। विजयी फौजले यस्ता डरलाग्दा अत्याचार गरे कि महामारीदेवी आई उनीले आफ्नो कोप तिनीहरूमाथि देखाइन् भनी भनिन्छ। मारिएकाहरूको लाशले गर्दा कुनै प्रकारको महामारी फैलनु बडी सम्भव छ। जेसुकै भए तापनि विजयीहरूले आफ्नै सुरक्षाको लागि त्यहाँबाट आजभोलिको पश्चिम १ नम्बर नुवाकोटबेँसीमा हट्नुपर्‍यो। त्यहाँ तिनीहरूका राजालाई नै रोग लाग्यो र उनी मरे। उनका कुनै हकवाला सामुन्ने देखा परेनन्। यसपछि

नेपालखाल्डोमा सात आठ वर्षसम्म पूरा अराजकता छाएकोले लूटपाटका सामग्री लिएर उनको फौज पाल्पा फर्केर गएको सम्भव छ। त्यसपछि नुवाकोटका वैश्य ठाकुरहरूले अधिकार हत्याए।

[पाल्पा र बटोलीका मगर राजा मुकुन्द सेनले नेपालखाल्डोका राजा हरिदेवको पालामा डरलाग्दा अत्याचार गरी त्यहाँ हमला गरेर जितेकाले वि. सं. ११५७ तिर तिनीहरूको (मगरहरूको) पहिलो पटक बढती भयो।]

२०. जोन टी. हिच्कक

... इट् वज् इन् द सद्अर्न् एरइअ, एन्शन्टलि कल्ड् द बार मगराँथ, द मगर्ज् फर्स्ट् मेड् देर् अपीरअन्स् इन् रिटन् हिस्टरि। ड्यूरङ् द टवेल्फ्थ् सेन्चुरइ, दे स्याक्ड् द काठमाण्डु भ्यालइ थ्याट लङ् ह्याड् बीन् द सीट् अफ् अर्बन् सिभिलाइज्ड् कल्चर् अफ् नेपाल्।

(वि. सं. २०२३ मा न्यू योर्क, शिकागो, सान फ्रान्सिस्को, टोरन्टो र लन्डनबाट होल्ट राइनहार्ट थान्ड विन्स्टनद्वारा प्रकाशित जोन टी. हिच्ककको द मगर्ज् अफ् द बन्यान् हिल् (वरडाँडाका मगर) को ४ पृष्ठबाट)

[लेखिएको इतिहासमा पहिलो पटक मगरहरू पहिलेदेखि बाह्र मगरात भनिएको दक्षिणी इलाकामा देखा परे। बाह्रौँ शताब्दीमा तिनीहरूले शहरिया र सभ्य संस्कृतिको केन्द्र भएर धेरै पहिलेदेखि आइरहेको नेपालखाल्डो लुटे।]

२१. डिल्लीरमण रेग्मी (वि. सं. २०२३)

पेतेक् थिङ्क्ज् थ्याट् ड्यूरङ् अभयमल्ल'ज् टाइम् मुकुन्दसेन् अफ् पाल्पा प्रबअब्लि इन्भेड्इड् नेपाल्। बट् आइ डाउट् इफ् देर् इज् एनइ बेसिस् फर् सच् ए स्टेटमेन्ट् याज् वी ह्याभ् याबसल्यूट्लि नो अथर्इटेटिभ् इन्फर्मेशन् अबाउट् दिस् इभेन्ट्।...

बट् याट् दिस् स्टेज्, द लेटअर् क्रनिकल्ज् कम्प्लीटलि गो अफ् द ट्र्याक्। दे से थ्याट् द किङ्डम् वज् डिभाइड्इड् बिट्वीन् टू ब्रदअर्ज, जयदेवमल्ल रूलइङ् फ्रम भातगाओँ यान्ड् आनन्दमल्ल फ्रम काठमान्डु। यान्ड् अगेन ह्वाइल दीज् टू मोनार्क्स वेर् स्टिल रूलइङ्, नान्यदेव द रूलर् अफ् मिथिला इन्भेड्इड नेपाल, एक्सटरमिनेट्इड द सेकअन्ड ठकुरी डिन्यास्टि यान्ड् फाउन्डइड् हिड् वोन् कर्णाट डिन्यास्टि। ही रेन्ड् पर ५० यर्ज। द डेट् मेनशन्ड् इज् ८९० ए. डी.। आफ्टर् नान्यदेव देर् वेर् फाइभ् रूलर्ज् अफ् द कर्णाट डिन्यास्टि हू

रूल्ड् फर् ए टोटल् अफ् मोर् द्यान् १७८ यर्ज् (सी अल्सो बिलो)। द् लास्ट् हरिदेव वज् कङ्कर्ड् बाइ मुकुन्दसेन हू इन्भेडइड् नेपाल् अन् ए मगर्'ज् इन्स्टिगेशन् ।

देर्आफ्टर् यान् इनटर्रेगनम् अफ् ८ यर्ज् फल्ओड, यान्ड् दीज् वेर् डोमिनेट्इड् बाइ द् वैसि (वैश्य) ठकुरिज् अफ् नोआकोट। द् क्रनिक्ल्ज् स्टेट् द्याट् द् वैसि ठकुरि आर् सेड् टु ह्याभ् रूल्ड् फर् २२५ यर्ज् विथ् ए राज् फर् इच् टोल् यान्ड् भिलइज् ।...

बी ह्याभ् द् फल्ओइङ् टेब्ल् फर् दीज रेन्ज् याज् गिभ्न् बाइ द् लेटअर् क्रनइक्ल्ज्:

| | |
|---|---|
| जयदेवमल्ल | आनन्दमल्ल |
| १० | २५ |
| | (रूल्ड् इन् भक्तपुर) |
| नान्यदेव | . . ५० |
| गन्गदेव | . . ४१ |
| नरसिंहदेव | . . ३१ |
| शक्तिदेव | . . ३१ |
| रामसिंहदेव | . . ५८ |
| हरिदेव | |

द् रूलर् अफ् पाल्पा, मुकुन्दसेन, इन्भेड्ज् द् भ्यालइ अफ् नेपाल् ।

देर्आफ्टर् द् वैश्य ठकुरिज् रूल्ड् फर् २२५ यर्ज् ;

सिमिलर्लि इन् प्लेस् अफ् द् रिपीट्इड् इन्भेझन्ज् अफ् द् खसियाज् फ्रम् द् वेस्ट, द् लेट्अर् क्रनइक्ल्ज् ह्याड् इन्ट्रड्युस्ड् मुकुन्दसेन अफ् पाल्पा याज् इनभेडअर् । लेभी थिङ्कस् द्याट् द् रेफरन्स् वज् टु द् खस इन्भेझन्ज् मेन्शन्ड् बाइ द् एन्शन्ट् क्रनइक्ल्ज् । दिस् इज् भेरइ मच् ट्रू । द् क्रनइक्ल् ग्रूप् बी[१] गिभ्ज् द् डेट् अफ् हिज् इन्भेझन् याज् कलि ४३५६ = १२५८ ए. डी. । ईभ्न् मोर् द्यान् द्याट् दे इनट्रड्युस्ड् ए फिक्टिशअस् डिन्यास्टि, द्याट् आरु नान्यदेव यान्ड् हरिसिंहदेव, फर् नो अद्अर् रीज्न् द्यान् टु प्यासपर् टु द् डिजाइर् अफ् देर् रूलर्ज् (प्रतापमल्ल यान्ड् सिद्धिनरसिंह) हू ह्याड् थट् टु एनहान्स् देर् लिनइइज् बाइ कनेक्टइङ् देर् फ्यामइलि टु द् कर्णाट क्षत्रिय डिन्यास्टि अफ् नान्यदेव अर् हरसिंहदेव ।...

...इट् वज् सेड् द्याट् हरसिंहदेव ह्याड् टेक्न् याडभान्टिज् अफ् अ केअटइक् कनडिशअन् इन् नेपाल् टु इनभेड् द् कन्ट्रि । हिज् इनभेझन् अफ् नेपाल् वज् प्रिसीडइड् बाइ द्याट् अफ्

द पाल्पा रूलर्, मुकुण्डसेन हू डिफीटइड् यान्ड डिथ्रोनड् द लास्ट् कर्णाट रूलर, हरिदेव। मुकुण्डसेन कुड् नट् स्टे इन् द भ्यालइ फर् लङ्। हिज् डेप्रिडेशन्ज् वेन्ट् टु अफेन्ड् गड् पशुपति हूज् म्यालइडिकशन् ब्रट् रुइन् टु हिज् आर्मि। लेटअर् ही डाइड् ह्वाइल् ही वज् इसकेपइङ्। आफ्टर् अबाउट् '७ यर्ज् अर् ८ यर्ज् अफ् इन्टर्रेगनम्' यान्ड २२५ यर्ज् अफ् रूल् बाइ द वैस ठकुरिज् अफ् नोआकोट्' किङ् हरसिंहदेव केम् टु कङ्कर् नेपाल्।.

अर्लिअर् वी ह्याभ् सेड् ...ट् सम् अफ् द लेट्अर् क्रनइकल्ज् स्पीक् अफ् मुकुण्ड सेन खस अफ् पाल्पा ... ह्याभ् इनभेडइड् ...पाल, ह्वाइल् वन् अफ् द कर्णाट किङ्ज् वज् रूलइङ्। द डेट् गिभ्न् बाइ देम् इज् १०८८ ए. डी. ह्विच् इज् अबसर्ड्। बट् टु अफ् द क्रनइकल्ज् मेन्शन् द्याट् मुकुन्द सेन'ज् इनभेभ्रन् टूक् प्लेस् इन् रामसिंह'ज् टाइम् इन् १२५८ ए. डी.। दीज् पुट् रामसिंह याज् द इमीडिअट् प्रीडिसेसअर् अफ् हरसिंहदेव।

एल्. पेतेक् इन् पर्... र् कनसिडर्ज् द्याट् 'ए क्रोनलजइकल् एलइमन्ट्' इज् याडइड् टु दिस् थीम् बाइ दि ईभेन्ट् अफ् खसिया इनभेभ्रन् ड्युरङ् द टाइम् अफ् द लास्ट् रेन्। दिस् ईभेन्ट् इज् नोटइड् इन् एभ्रि क्रनइक्ल्, अल्दो द टाइम् इन् ईच् इज् डिफरन्ट्। द इनभेडअर् वज् खस मुकुन्द सेन आइडेनटिफाइड् बाइ द इटयालयन् स्कलअर् विथ् मणि मुकुन्द सेन अफ् पाल्पा, हू वज् द मटर्नल् ग्यान्डफादर् अफ् जितारिमल्ल अफ् दुल्लु (१२८८-९०)। अकर्डइङ् टु द क्रनइकल्ज् द थ्री सिटइज् अफ् द भ्यालइ वेर् प्लन्डर्ड्, यान्ड् द रूलर् अगेन्स्ट् हूम् अर्लिअर् हिज् वोन् सबजेक्टज् ह्याड् रिभोल्टइड् वज् डिथ्रोन्ड्। बट् मुकुण्ड सेन'ज् ओन् आर्मि वज् डिस्ट्रइड् बाइ यान् आउटब्रेक् अफ् बान् एपइडेमइक्, यान्ड् ही हिमसेल्फ् डाइड्। विथ् दिस् इनभेजन् नान्यदेव'ज् लाइन् वज् टोटल्लि इलिमइनेटइड्, यान्ड् द ठकुरि राजा वज् रिसटरड्।

(वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल्. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (मध्यकालको नेपाल) का २२१, २२३, २२४-२२५, २३९-२४०, २६१-२६२ २६६-२६७ पृष्ठबाट)

[अभय मल्लको पालामा पाल्पाका मुकुन्द सेनले नेपालमा सम्भवतः हमला गरे भन्ने पेतेकको विचार छ। तर यस घटनाको विषयमा हामीसँग प्रामाणिक सूचना कति पनि नभएकोले यस्तो मनाइको कुनै आधार छ भन्ने कुरामा मलाई शङ्का छ।

तर यस अवस्थामा पछिल्ला वंशावलीहरूमा पूरापूर कुरा मिल्दैन। दुइ भाईमा राज्य बाँडियो,

यिनमा जयदेव मल्ल भादगाउँबाट र आनन्द मल्ल काठमाडौँबाट राज्य गर्थे भनी ती वंशावलीहरूमा लेखिएको छ। यी दुइ राजाहरूले राज्य गरिरहेको बेलामा मिथिलाका शासक नान्यदेवले नेपालमा हमला गरे, दोस्रो ठकुरीवंशलाई निर्मूल पारे, आफ्नो कर्णाटवंश चलाए भनी ती वंशावलीहरूमा भनिएको छ। उनले ५० वर्षसम्म राज्य गरे। चर्चा गरिएको मिति वि. सं. ९४६ छ। नान्यदेवपछि कर्णाटवंशका पाँच जना राजा भए, तिनीहरूले जम्माजम्मी १७८ वर्षभन्दा बढी राज्य गरे (तल पनि हेर्नुहोस)। सबभन्दा पछिल्ला हरिदेव, एक जना मगरको कुरा सुनेर नेपालमा हमला गर्ने मुकुन्द सेनद्वारा जितिए।

यसपछि आठ वर्षसम्म कोही राजा भएन र यस अवधिमा नुवाकोटका बैसी (वैश्य) ठकुरीहरूको दबदबा भयो। यी वैश्य ठकुरीहरूले २२५ वर्षसम्म राज्य गरे, त्यस समयमा हरेक टोल र गाउँमा एकएकजना राजा हुन्थ्यो भनी वंशावलीहरूमा लेखिएको छ।

पछिल्ला वंशावलीहरूले दिएअनुसारको यी राज्यकालको तालिका तल दिइन्छ--

| | |
|---|---|
| जयदेव मल्ल<br>१० वर्ष | आनन्द मल्ल<br>२५ वर्ष<br>(यिनले भक्तपुरमा राज्य गरे) |
| नान्यदेव | ५० वर्ष |
| गङ्गदेव | ४१ वर्ष |
| नरसिंहदेव | ३१ वर्ष |
| शक्तिदेव | ३९ वर्ष |
| रामसिंहदेव | ५८ वर्ष |
| हरिदेव | |

पाल्पाका शासक मुकुन्द सेन नेपालखाल्डोमा हमला गर्छन्।

त्यसपछि वैश्य ठकुरीहरूले २२५ वर्षसम्म राज्य गरे।

यसै गरी, पश्चिमबाट खसहरूले बराबर गरेका हमलाका ठाउँमा पछिल्ला वंशावलीहरूले पाल्पाका मुकुन्द सेनलाई हमलावरका रूपमा चिनाएका थिए। यो कुरा पुराना वंशावलीहरूमा चर्चा भएका खस हमलाहरूको विषयमा हो भन्ने लेभीको विचार छ। यो विचार धेरै साँचो छ। ख[२] समूहको वंशावलीमा उनको हमलाको समय कलि ४३५९ (वि. सं. १३१५) दिएको छ। यसभन्दा पनि बढी, नान्यदेव वा हरसिंहदेवको कर्णाट क्षत्रियवंशसँग आफ्नो कुललाई जोडेर आफ्नो वंशको महत्त्व बढाउने विचार गर्ने आफ्ना राजा (प्रताप मल्ल र सिद्धिनरसिंह मल्ल) को इच्छा पूरा गर्नकै

लागि भनेर ती वंशावलीहरूमा काल्पनिक वंश अर्थात् नायदेव र हरसिंहदेवको वंशको चर्चा गरिएको छ।

हरसिंहदेवले नेपालमा हमला गर्न यहाँको सङ्कुल स्थितिबाट फाइदा उठाएका थिए भनिएको थियो। उनको हमला हुनुभन्दा अगाडि पाल्पाका राजा मुकुन्द सेनको हमला भएको थियो। मुकुन्द सेनले पछिल्ला कर्णाट राजा हरिदेवलाई हराएर गद्दीबाट बरखास्त गरे। मुकुन्द सेन नेपालखाल्डोमा धेरै कालसम्म बस्न सकेनन्। उनका लूटले पशुपतिनाथलाई क्रुद्ध बनायो। पशुपतिको शापले गर्दा उनको फौजको सर्वनाश भयो। पछि भाग्दाभाग्दै उनी मरे। सात आठ वर्षसम्म कोही पनि राजा नभएपछि तथा नुवाकोटका वैस ठकुरीहरूले २२५ वर्ष राज्य गरिसकेपछि हरसिंहदेवले नेपाल जित्न आए।

एकजना कर्णाट राजाले नेपालमा राज्य गरिरहेको बेलामा पाल्पाका खस मुकुन्द सेनले यहाँ हमला गरेको कुरा पछिल्ला केही वंशावलीहरूमा लेखिएको कुरा हामीले अगाडि नै लेखिसकेका छौँ। यी वंशावलीहरूमा यस विषयको मिति वि. सं. ११५४ भनी दिइएको छ। यो मिल्दै मिल्दैन। ती वंशावलीहरूमध्ये दुइटामा चाहिँ मुकुन्द सेनको हमला रामसिंहको पालामा वि. सं. १३१५ मा भयो भनी लेखिएको छ। यिनमा रामसिंहलाई हरसिंहदेवभन्दा ठीक अगाडिका राजामा राखेका छन्।

यस विषयमा 'एउटा तिथिमितिसम्बन्धी तत्त्व' पछिल्ला राजाको पालामा खसहरूको हमलाको घटनाद्वारा थपिएको छ भनी लूच्यानो पेतेक विशेष गरी ठान्नु हुन्छ। हरेक वंशावलीमा यस घटनाको समय भिन्नाभिन्नै भए तापनि यो घटना हरेक वंशावलीमा टिपिएको छ। हमलावर खस मुकुन्द सेनलाई इटलीका ती विद्वान्ले दुल्लुका जितारि मल्ल (वि. सं. १३४४-४६)का मावली बाजे मणिमुकुन्द सेन बनाउनुभएको छ। वंशावलीहरूअनुसार नेपालखाल्डाका तीनै शहर लुटिएका थिए र पहिलेबाटै आफ्नै रैतीहरूले विद्रोह गरिसकेका राजा गद्दीबाट बरखास्त गरिएका थिए। तर मुकुन्दसेनकै सेना महामारी फैलिएकोले नष्ट भयो, र उनी आफैँ मरे। यस हमलाबाट नान्यदेवको वंश पूरापूर मेटियो र ठकुरी राजाले फेरि राज्य गरे।]

## २२. देवीप्रसाद लंसाल

वंशावलीकारले यहाँ वि. सं. १३१५ मा पाल्पाका राजा मुकुन्दसेनले" नेपालमा आक्रमण गरी उत्पात मचाए" भनी लेखेका छन्। पाल्पाका प्रसिद्ध राजा मुकुन्दसेन वि. सं १६०० ताकाका हुन्।

वि. सं. १३१५ मा मुकुन्दसेनले नेपालमा आक्रमण गरे भन्ने कुराको प्रमाण नेपालको इतिहासमा अहिलेसम्म पाइएको छैन।

वि. सं. १३४४, १३४५, १३४६ मा पश्चिमबाट जितारिमल्लले नेपाल उपत्यकामा लगातार तीनवर्ष सम्म आक्रमण गरेका थिए। गाउहरूमा आगो लगाइदिई हाहाकार मचाई जितारिमल्ल स्वदेश फर्केका थिए।

(यस विषयमा विशेष कुरा इतिहास संशोधनको प्रमाण प्रमेय १४८ पृष्ठ हेर्नुहोस्)

वि. सं. १४०६ मा बङ्गालका सुल्तान शमसुद्दीनले ठूलो फौजसाथ नेपाल उपत्यकामा भयङ्कर आक्रमण गरेका थिए, त्यसवेला उनको फौजले शहरहरूमा आगो लाइदियो। पशुपतिनाथलाई तीन टुक्रा पारिदियो। स्वयम्भू चैत्य भत्काई त्यहाँ भएको धन लिई त्यहाँ आगो लाइदियो।

उपत्यकाका शासक र दुनियाँहरूले शमसुद्दीनको फौजसंग सोझै मुकाबिला गर्न नसकी आफ्नो संरक्षण गर्नतिर लागेका हुदा मुसलमानी सैन्यले नेपाल उपत्यकाका तीने शहर उजाड पार्ने अवसर पायो।

[यस विषयमा विशेष कुरा इतिहास-संशोधनको प्रमाणप्रमेयको ६२-६६ पृष्ठ पढ्नुहोस्।

यसरी प्रमाणद्वारा सिद्ध भइसकेको नेपाल उपत्यकामा जितारिमल्लको आक्रमण, सुल्तान शमसुद्दीनको आक्रमणको कुरालाई वंशावलीकारले यहाँ लेख्न सकेका छैनन्।

यहाँ लेखिएको "मुकुन्दसेले नेपाल उपत्यकामा आक्रमण गरी उत्पात मचाए" भन्ने कुराले जितारिमल्ल अथाशमसुद्दीनको आक्रमणलाई लक्ष्य गरेको हुनुपर्छ।

(वि. सं. २०२३ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय" पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित देवीप्रसाद लंसालद्वारा संपादित भाषा वंशावली २ भागको २७ पृष्ठबाट)

## २३. बिक्रमजित् हसरत

इट् इज् प्रप्अर् टु डिसकस् थाट् दिस् प्लेस् द सो-कल्ड् इन्भेजन् अफ् मुकन्दसेन, द सेन् रूलर् अफ् पाल्पा, हू अकर्ड इङ् टु राइट'स् क्रनइक्ल, सबडयूड् हरिदेव, द लास्ट् किङ् अफ् द कर्णाट डिन्यास्टि। मुकन्दसेन'ज् ट्रूप्स् आर् सेड् टु ह्याभ् बीन् डिस्ट्रइड् बाइ पेस्टिलन्स् ड्युरङ् द इन्भेझन्, यान्ड् देन् फर् सेभ्न् अर् एट् यर्ज् देर् वज् नो किङ् इन् नेपाल्। पद्मगिरि'ज् जेनइयालअजि ह्याज् फोर् किङ्ज् अफ् द कर्णाट डिन्यास्टि, द लास्ट् बीइङ् रामसिंहदेव, ड्युरङ् हूज् रेन् ही मेनशन्ज् द इन्भेझन् ह्याभ्इङ् टेक्न् प्लेस्।

राज मुकन्दसेन, ही अबजर्भ्ज, ह्याभइङ सराउन्डइड द कन्ट्रि विथ् ए न्यूमर्अस् फोर्स, प्लनडर्ड द कन्ट्रि यान्ड डिस्ट्रइड द टेम्पल्ज यान्ड दि इमइजइज् अफ् द डीइटिज् । द स्याक्रिलिज् हाउएभ्अर प्रभोक्ड द रथ अफ् पशुपतिनाथ, यान्ड ए ड्रेडफुल कन्टेजन ब्रोक् आउट इन् हिज् आर्मि, ह्विच वज टाटलि डिस्ट्रइड, यान्ड मुकन्दसेन टन्र्ड ए मेन्डिकन्ट यान्ड लेफ्ट द कन्ट्रि । प्रफेसर तुच्ची'ज स्यान्स्क्रिट भर्स वंशावली करब्अरेटस् पुलि पद्मगिरि'ज क्रनइक्ल यान्ड द प्रबअब्ल डेट अफ द इनभेजन वुड देन करइस्पन्ड ट १११० ए. डी. ।

द टेल अफ् मुकन्दसेन'ज इनभेजन, हाउएभ्अर, अपीज टु बी ए प्योर फयाब्रिकेशन यान्ड यान् इम्पसिबिलइटि फ्रम क्रोनालजइक्ल पइन्ट अफ् भ्यू । इफ् वी याक्सेप्ट दि अकाउन्ट अफ् राइट्स क्रनइक्ल, हरिदेव'ज रेन एन्डइड इन् द यर २०८ अफ् द नेपाल ईर्अ (११८८ ए. डी.) । पाल्पा, द मोस्ट पाउअरफुल स्टेट अमङ द चौबीसी ग्रूप ह्याड राइज्न टु पाउअर सेन्चुरइ अर्लिअर । द रूलइङ सेन राजपुत फ्यामइलि ह्याड सिक्स डिफअर्अन्ट कल्याट्अर्-अल ब्रान्चइज याज रिकर्डइड इन द सेन-वंशावली, भिज, याट पाल्पा, तन्हौँ, मकवानपुर, राजपुर गुल्मी, यान्ड रिसिङ, ह्विच कन्ट्रोल्ड दि इनटाइर नेपाल तराई । बट मुकन्दसेन इज नट आइडेन्टिफाइड बाइ द पाल्पा-सेन क्रनइक्लर याज ह्याभइङ इनभेडइड द भ्यालइ । रुद्रसेन, मुकन्दसेन फादर रूल्ड बिटवीन १४४०-१४७५ ए. डी.; यान्ड हिज थर्ड सन भिरङ्गि इज गिभ्न द डेट १५४८-१५५७ ए. डी., याज रूलर अफ् तन्हौँ नट अफ् पाल्पा।[५४] अमिड्स्ट दिस् क्रोनोलजइक्ल डाइभर्जएन्स, दि एभइडन्स अफ मुकन्दसेन'ज इनभेजन अफ यालइ इन् १२ सेन्चुरइ याज गिभ्न इन् राइट्स यान्द तुच्ची'ज [illegible] लोज अपीर्ज हाइलि इसप्रबअब्ल । लेभी'ज अपिन्यन द्याट वंशावली अकाउन्टस अफ् दि इनभेजन यान्ड द डिथ्रोनमेन्ट अफ द लास्ट कर्णाट रूलर हरिदेव बाइ द सेन रूलर अफ् पाल्पा आर द एकओज अफ् द खास इनभेजन्ज अफ् १२५८, ह्विच ह्याभ बीन रङ्लि इनट्रडयुस्ड बोथ बाइ पद्मगिरि यान्ड राइट, माइट अफ्अर यान् अलटर्नेट एक्सप्लानेशन टु द प्रबलम् ।

लूस्यानो पेतेक, हाउएभ्अर, इज मोर क्याटइगरइकल अन द पइन्ट । "द टेल अफ् मुकन्दसेन," ही अबजर्भ्ज, "इन ह्विच ए हिस्टरइकल कर्नल इज ओभरलेड विथ लेजअन्ड नीर्लि आउट अफ् अल रेकग्निशन, रिफर्ज टु सम् इनरोड फ्रम वेस्टर्न नेपाल, फ्रम

ह्विच् द तिरहुत् रूलर्ज् वेर् द चीफ् सफअर्ज्। यान्ड् दिस् इज् अल् द्याट् क्यान् बी सेड् अबाउट् दिस् पोर्शन् अफ् द मडअन् वंशावली।...ः

दि इनभेसन् अफ् मुकन्दसेन अफ् पाल्पा इज् अस्क्राइब्ड् बाइ नीर्लि अल् वंशावलीज् याज् ह्याभइङ् टेकन् प्लेस् डयूरङ् द रेन् अफ् हरिदेव सन् अफ् रामदेव अबभ् मेनशन्ड्, हूज् रेन् अकर्ड इङ् टु क्यालकुलेशन् एन्डज् इन् २०८ अफ् नेपाल ईर्अ (११८८● ए. डी.)। अल् दिस्, हाउएभअर्, इज् हाइलि कन्जेक्चरल् यान्ड् परह्याप्स् इम्याजइनरि। दि एभइडन्स् अफ् मुकन्दसेन'ज् ह्याभइङ् इनभेडइड् द भ्यालइ इन् द १२थ् सेन्चुरइ, याज् गिभन् बाइ पद्मगिरि इज् रादर् फार्-फेच्ड्।

५४ भाइड्। रेग्मी: एन्शन्ट् नेपाल, पी. ३०...

[वि. सं. २०२७ मा होशियारपुरबाट प्रकाशित विक्रमजित् हसरतको हिस्टरि अफ् नेपाल् याज् टोल्ड् बाइ इट्स् वोन् यान्ड् कन्टेम्पररि क्रनइक्लर्ज् (नेपालका आफ्नै र उही समयका इतिवृत्तकार-हरूले बताएबमोजिमको नेपालको इतिहास)को प्रोलेगम्एना (उपोद्घात) का ३५-३६ पृष्ठबाट र मूलको ५१ पृष्ठको १ टिप्पणीबाट]

●१०८८ हुनुपर्ने।

पाल्पाका सेन शासक मुकुन्द सेनको हमला भनी कहिएको विषयमा यहाँ चर्चा गर्नु उचित हुन्छ। राइटको वंशावलीअनुसार यी मुकुन्द सेनले कर्णाटवंशका आखिरी राजा हरिदेवलाई हराए। यसै हमलामा मुकुन्द सेनका सिपाही महामारीबाट नष्ट भएका थिए र त्यसपछि सात आठ वर्षसम्म नेपालमा कोही राजा भएन भनी भनिन्छ। पद्मगिरिको वंशावलीमा कर्णाटवंशका चार जना राजाको नाउँ परेको छ। यिनमा सबभन्दा पछिल्ला रामसिंहदेव छन्। यिनकै पालामा सो हमला भएको थियो भनी उनी उल्लेख गर्छन्। उनी भन्छन्, ठूलो फौजले मुलुकमा घेरा हालेर राजा मुकुन्द सेनले मुलुक लुटे र देवताहरूका मन्दिर र मूर्ति नष्ट गरे; यस अधर्मी कामबाट पशुपतिनाथलाई रिस उठ्यो र उनको फौजमा डरलाग्दो महामारी फैलियो; उनको फौज पूरै नष्ट भयो र मुकुन्द सेन फकीर भए र उनले मुलुक छोडे। संस्कृतमा पद्यमा लेखिएको प्राध्यापक तुच्चीको वंशावलीले पद्मगिरिको वंशावली-लाई पूरापूर पुष्टि गर्छ र त्यस कारणले त्यस हमलाको सम्भाव्य समय वि. सं. ११६७ हुनुपर्छ।

यसो भए तापनि मुकुन्द सेनको हमलाको कथा कालक्रमबाट हेर्दा खालि मनगढन्त र असम्भव कुरा देखिन्छ। राइटको वंशावलीलाई हामीले स्वीकार गर्ने हो भने हरिदेवको राज्यभोग ने. सं. २०८ (वि. सं. ११४५) मा टुङ्गिन्छ। चौबीसी राज्यहरूमध्ये सबभन्दा बलियो पाल्पा यसभन्दा एक शताब्दी-

अघि नै शक्तिशाली भइसकेको थियो । सेनवंशावलीमा लेखे जस्तै, सत्तारूढ सेन राजपूतवंशका छवटा सगोत्री हाँगा पाल्पा, तनहुँ, मकवानपुर, राजपुर, गुल्मी र रिसिङ्मा थिए र यिनीहरूको अधीनमा सम्पूर्ण नेपाल तराई थियो । तर पाल्पाको सेनवंशावलीका रचयिताले मुकुन्द सेनलाई नेपालखाल्डोमा हमला गर्ने भनेर चिनाएका छैनन् । मुकुन्द सेनका बाबु रुद्र सेनले वि. सं. १४६७–१५३२ को बीच राज्य गरे, र यिनका साहिँला छोरा भिरङ्गिको समय तनहुँका शासकका रूपमा (पाल्पाको होइन), वि. सं १६०५–१६१४ दिइएको छ ।[५४] यसरी समय निकै फरक फरक पारी लेखिएकाले बाह्रौँ शताब्दीमा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी राइटको र तुच्चीको वंशावलीमा लेखिएको कुरा निकै असम्भव देखिन्छ । पाल्पाका सेन राजाको हमलाको र उनले कर्णाटवंशका आखिरी शासक हरिदेवलाई गद्दीबाट निकालेको विषयमा वंशावलीहरूमा लेखिएका कुरा पद्मगिरि र राइट दुवैले गलती गरी बयान गरिएका, वि. सं. १३१५ मा भएका खस हमलाका प्रतिध्वनि हो भन्ने लेभीको विचारले त्यस समस्याको वैकल्पिक व्याख्या प्रस्तुत गर्न सकछ ।

यसो भए तापनि लूच्यानो पेतेक यस विषयमा बढी स्पष्टसँग बोल्नुहुन्छ । उहाँ लेख्नुहुन्छ– इतिहाससम्बन्धी चूरो कुरा झण्डै झण्डै पूरै नचिनिने गरी उपाख्यानले ढाकिएको मुकुन्द सेनको कथाले पश्चिम नेपालबाट भएको कुनै हमलाको, त्यसबाट मुख्य दुःख पाउने तिरहुतका शासकहरू भएका कुराको सूचना दिन्छ । अन्तमा आधुनिक वंशावलीहरूको यस अंशको विषयमा भन्न सकिने कुरा यही नै हो ।

पाल्पाका मुकुन्द सेनको हमला प्रायः सबै वंशावलीहरूले माथि चर्चा गरिएका रामदेवका छोरा हरिदेवको पालामा भएको कुरा लेखेका छन् । गणनाअनुसार यिनको राज्यभोग ने. सं. २०८ (वि. सं. ११४५) मा टुङ्गिन्छ । यसो भए तापनि यो सब निकै अडकलबाजी गरिएको कुरा र शायद काल्पनिक पनि हो । पद्मगिरिले दिए जस्तै, बाह्रौँ शताब्दीमा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरेको प्रमाण पक्कै पनि जबर्दस्ती लादिएको हो ।

५४. डिल्लीरमण रेग्मीको एन्शन्ट् नेपाल् (प्राचीन नेपाल) ○ को ३० पृ...
○ मडर्न् नेपाल् (आधुनिक नेपाल) हुनुपर्ने ।

## २४. अयोध्याप्रसाद प्रधान

ऐतिहासिक मुकुन्द सेन रुद्रसेन पाल्पापत्तनमा आए । उनीबाट मध्यदेशीय राजपुत्रकी छोरी महादेवी आसनमालातिरबाट मुकुन्द सेन जन्मे; तर "यो हो पाल्प" नामक पुस्तिकामा दिइएको

इतिहास अनुसार खामसेन र चन्द्रसेनका ठाउँमा खामसेन र ताम्रसेन नाम आउँछ । खानसेन नामक राजपूतले वि. सं. १५०० (ई. सन् १४४३) तिर बलठ्याङ (गढी) मा राज्य कायम गरे । ताम्रसेनको पालापछि उनका छोरा रूद्रसेनले पाल्पाको राज्यशासन चलाए । सेन वंशको राज्य यहींबाट चल्न थालेको हो । यिनै खानसेनका नाति सुप्रसिद्ध राजा मुकुन्दसेन हुन् । यिनी वि. सं. १५७५ (ई. सन् १५१८) तिर पाल्पाका राजा भए । गण्डकीदेखि लिएर कोशीसम्मका प्रदेशमाथि यिनको आधिपत्य थियो । कोशीमा यिनले आफ्नो तरवार पखाले भन्ने यिनको प्रशस्तिमा पाइन्छ ।

जनश्रुतिका मुकुन्दसेन् — "कुनै एक मुकुन्दसेनले पश्चिम पाल्पादेशदेखि, कर्णाटकवंशी रामसिंह राजाका पालामा, सवालाख लस्करसाथ नेपालपुरीमा प्रवेश गरी नेपालका राजाहरूसित ठूलो युद्ध गरे । दुवैतर्फका सैन्य धेरै मरे; सेन राजाले नेपालको राजाको लस्कर धेरै मारी जिती भगाए," इत्यादि भाषा वंशावलीका कुरामाथि अनेक विवाद छन् । गोपाल वंशावलीमा भने यस घटनाको उल्लेख छैन ।

मीमांसा-- अर्को प्रश्न यो घटना घटेको कालसंबन्धी छ । कर्णाटकी नान्यदेव शाके ८११, ने. सं. १० वा ९ मा नेपाल पसे । यिनका पाचौं पुस्ता रामसिंहदेवसम्ममा राज्यभोग वर्ष २१९ हुन्छ । शाके १०३० (सन् ११०८) मा घटेकोले इतिहासकारहरूमध्ये कुनैले सन ११०० तिरको घटना भनी मुनासिबनै देखे । काठमाण्डूका राजा रत्नमल्ललाई सक्रिय सहायता पठाउने चाहिं मुकुन्दसेनलाई आक्रामक र लूटपाट मचाउने "मकुन्दसेन" भन्ने भ्रान्ति पनि हुनसक्तैन । अतः अगिल्ला चाहिं मुकुन्दसेन, मगर-राजा, पछिल्ला सेनवंशी नभई, यसअगि पाल्पा पसेको अगिल्ला वंशका हुन सक्तछन् ।

(वि. सं. २०३० मा काठमाडौँ बाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित अयोध्याप्रसाद प्रधानको पाल्पा एक परिचयका ९-१० पृष्ठबाट)

## २५. गौतमवज्र बज्राचार्य

...इटुम्बहालमा रहेको एउटा पटचित्रमा राजा मुकुन्दसेनले काठमाडौंमा हमला गर्दा यस विहारमा किल्ला जमाएको कुरा चित्र तथा लेखद्वारा व्यक्त गरिएको छ[२] ।

२. त्यसमा यस्तो लेखिएको छ- " थन ह्मु कनसेन राजाओ ... सकरप्रजापनिस सकल्यं रस्कर ओन... थन थास थास पतिं मी तयाओल, थन निपारया प्रजापनि सकल्यं हयहाया थास बिस्यिओन,... थन भगलया राजा ह्म कन सेनया सकल सुनाओ इतुंवाहारस स्वर्णया पउ घनाओ

थतिन थास वास याय् धक थ्वथानह्रा मस्यु कुस्य वधा वासयात ।"...

...एउटा प्रसिद्ध किंवदन्तीअनुसार पाल्पाका राजा मुकुन्दसेनले नेपालउपत्यकामा आक्रमण गर्दा यहाँका सबै बासिन्दाहरू धान, मूला आदि सबै पदार्थ भुइँभित्र लुकाएर वनभित्र लुक्न गए, पछि फर्केर आउँदा उनीहरूले भुइँमा गाडेर गएको धान र मूला हकुवा धान र सिन्कीको रूपमा परिणत भइरहेको देखे, त्यसै वेलादेखि नेपालउपत्यकाका बासिन्दाहरूले हकुवा चावल र सिन्की बनाउन जाने । यस किंवदन्तीमा उल्लिखित मुकुन्दसेनको आक्रमण ऐतिहासिक सामग्रीहरूबाट सिद्ध भएको छैन तापनि सम्पत्ति भुइँमा गाडेर वन पस्ने चलनको स्मरण यसले गराएको छ ।

(वि. सं. २०३३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित गौतमवज्र वज्राचार्यको हनूमान् ढोका राजदरबारका ३८, १२४ पृष्ठबाट)

# शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| २८ | १३ | नवटै | नौवटै |
| २० | ११ | ल-वंशावली | मूल-वंशावली |
| २५ | २७ | इन्भेड्इ | इन्भेड्इङ् |
| २६ | ३ | डेभ्स्टेट्इङ् | ड्हिभस्टेट्इङ् |
| ३० | १६ | य | द |
| ३१ | १६ | हरिदेबले | हरिदेवले |
| ३३ | २५ | रामसिह | रामसिंह |
| | १५ | चैतशुक्ल | चैत्रशुक्ल |
| ३५ | २४ | यंगु- | युग- |
| ३५ | २५ | (बि. सं. | बि. सं. |
| ३६ | १२ | भुकुण्डसिंहले | मुकुन्दसिंहले |
| ४० | ५ | भाइ | बाइ |
| ४० | ७ | किङ् | क्रिङ् |

# एघारौँ वर्षको आयव्ययको विवरण

| | |
|---|---|
| आम्दानी | ८८२१।८३ |
| श्री ५ महाराजाधिराज सरकारबाट निगाहपूर्वक पूर्णिमालाई बक्सेको अर्थसहायता | ४०००। |
| मदनपुरस्कारपुस्तकालयबाट संशोधन-मण्डलले पाएको अर्थसहायता | ५००। |
| श्री ५ को सरकार मन्त्रिपरिषत्‌सचिवालयको निर्णयअनुसार श्री ५ को सरकार गृहपञ्चायतमन्त्रालयबाट संशोधन-मण्डलले पाएको अर्थसहायता | १५००। |
| साझाप्रकाशनममार्फत पूर्णिमा, अभिलेख-सङ्ग्रह, तहास-संशोधन, विद्या-रत्ना, सावधान-पत्र, पञ्चाङ्ग-संशोधन, व्याकरण-संशोधनहरू बिक्री भई आएको | ३०४५। ७३ |
| श्री ५ को सरकार शिक्षामन्त्रालयले पूर्णिमा ४१, ४२, ४३, ४४ हरेक अङ्क २५।२५ प्रति किनिदिँदा आएको | ७००। |
| बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तरको बिक्रीबाट | ६६। ५० |
| रत्नद्वीपको बिक्रीबाट | १। ८८ |
| सावधान-पत्रको बिक्रीबाट | १४५। |
| श्री ३ महाराज पद्मशमशेरका कुराको बिक्रीबाट | २४६। |
| वृत्तशतकको बिक्रीबाट | ४७।२५ |
| बचत-खाताको ब्याज | ७३०। ०२ |
| गत वर्षको बाँकी (४२ अङ्कमा प्रकाशित) | ७८३६। ४५ |

| | | |
|---|---|---|
| खर्च | | ७१६०।८८ |
| पूर्णिमा ४१ पूर्णाङ्कमा | १०५४। ६० | |
| ,, ४२ ,, | १८३६। ४५ | |
| ,, ४३ ,, | १३१६। ५० | |
| ,, ४४ ,, | १४५४। २५ | |
| कोठाबहाल | ५४८। | |
| संस्थानवीकरणखर्च | ५०। | |
| ऐतिहासिक सामग्री (तसवीर, ब्लक आदि बनाउँदा)को | ६४६। ४८ | |
| अरू | २८४। ३० | |
| बाँकी | | ११६३०।९५ |

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका)          का. मे. अ. द. नं. १५५/२४६

कार्यालय-

संशोधन—मण्डल

१०/३७४ वटु सबलबहाल, काठमाडौं, नेपाल

# वि. सं. २०३७ पौष

यस अङ्कको मूल्य रु. ८ ।

मुद्रक-

लुम्ब प्रेस

नयाँ बानेश्वर, काठमाडौं ।